
# महिला, शान्ति र सुरक्षा सम्बन्धी
# संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२०
# को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना

(आ.व. २०७९/८०-२०८१/८२)



नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरवार, काठमाडौं

# महिला, शान्ति र सुरक्षा सम्बन्धी
# संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२०
# को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना

(आ.व. २०७९/८०-२०८१/८२)


नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७९

नेपाल सरकार
**गृह मन्त्रालय**
GOVERNMENT OF NEPAL
**MINISTRY OF HOME AFFAIRS**

**गृहमन्त्री**
**MINISTER FOR HOME AFFAIRS**

## मन्तव्य



दीगो शान्ति तथा विकास प्रक्रियामा लैङ्गिक समानता तथा समावेशको अवधारणालाई मूल प्रवाहीकरण गर्ने तथा द्वन्दको कारणबाट सृजित लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकतालाई सम्बोधन गर्ने संयन्त्रको रुपमा संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं 1325 र १८२० को कार्यान्वयनमा नेपाल सरकार सदैव प्रतिवद्ध छ।

यसै विषयलाई सम्बोधन गर्न "द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण प्रक्रियाको सम्पूर्ण पक्षमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिता तथा सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने" उद्देश्यको साथ संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.1325 र 1820 को कार्यान्वयन गर्न यस दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) ले महिलाहरुको नीति निर्माणमा सहभागिता तथा सरोकारवालाहरुबीच यस विषयको गम्भीरतालाई प्रष्ट पार्न कोशेढुङ्गा हुने अपेक्षा लिईएको छ । द्वन्द्वको क्रममा महिला र बालबालिकाहरुले भोगेका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिमको लागि शान्ति प्रकृयाका लाभहरु समयमै सम्बोधन एवंम वितरण नगर्दा थप नयां द्वन्द्व देखापर्न सक्ने र सामाजिक सहिष्णुता, सद्भावको प्रवर्द्धन र सामाजिक पुनर्निर्माणमा समेत अवरोध सिर्जना हुनसक्ने देखी पहिलो कार्ययोजनाको सिकाई, अनुभव तथा उपलब्धि र सरोकारवालाहरुसँगका विभिन्न समयमा सम्पन्न गरेको अन्तर्क्रिया, छलफलबाट प्राप्त सुझाव समेतका आधारमा यो राष्ट्रिय कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ।

यस राष्ट्रिय कार्ययोजना नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, अन्तर्राष्ट्रिय विकास साझेदार, नागरिक समाज, प्रभावित समूह, महिला सञ्जाल र संघसंस्था बीच उदाहरणीय समन्वयको नतिजाको रुपमा आएको छ । सबै सरोकारवाला पक्षहरुको मस्यौदा तर्जुमा देखि केन्द्र, प्रदेश र स्थानीय तह परामर्शका सबै प्रक्रियामा सहभागिता रहेको छ। प्राप्त भएका सल्लाह, सुझावहरुलाई राष्ट्रिय कार्ययोजनामा यथोचित रुपमा समावेश गर्ने प्रयास भएको छ। संघीय ईकाइ, अन्तर्राष्ट्रिय विकास साझेदार, प्रभावित समूह, नागरिक समाज तथा विज्ञ समूहको सक्रिय सहभागितामा निर्माण भएको यस दोस्रो राष्ट्रिय कार्ययोजनाको सफल कार्यान्वयनमा सबै सरोकारवालाहरुको पूर्ण सहयोग र प्रभावकारी समन्वय रहने विश्वासका साथै सफल पार्न हामी सबैको प्रतिवद्धता आवश्यक छ भन्ने आशा लिएको छु । अन्तमा तर्जुमा देखि स्वीकृती सम्मका विभिन्न चरणमा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार एवम् धन्यवाद ब्यक्त गर्दछु ।

**जय नेपाल**

बालकृष्ण खाँण

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।

## मन्तव्य



नेपालको संविधान, २०७२ को भावना र मर्मलाई समेत ध्यानमा राखी शान्ति निर्माण प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी कार्य गर्न नेपाल सरकारले विभिन्न कानूनी, नीतिगत, संस्थागत, कार्यक्रमगत व्यवस्था गर्दै आएको छ । खासगरी विगतमा नेपालमा भएको सशस्त्र द्वन्द्व र तत्पश्चात्को संक्रमणकालमा मुलुकका विभिन्न स्थानमा भएका अन्य आन्दोलनका घटनाहरुमा महिला र बालिकाहरु प्रभावित भएका थिए । उक्त समयमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा वा परिस्थितिजन्य कारणबाट विशेषत द्वन्द्वसँग जोडिएका यौनजन्य वा लैङ्गिक हिंसाको जोखिममा परेकाहरुलाई उनीहरुले अनुभूति पाउने गरी राज्यले विशेष किसिमबाट आवश्यकता सम्बोधन गर्नुपर्ने ठानी नेपाल सरकारले पहिलो चरणको राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/०७२) कार्यान्वयन सम्पन्न समेत भैसकेको छ । पहिलो चरणको राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा आइसके पश्चात पनि द्वन्द्वबाट प्रभावित तथा पीडित महिला र बालिकाको विशेष र समष्टिगत आवश्यकताका विषयहरु अझै पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन राहत र पुनःस्थापना कार्यक्रम मार्फत सम्बोधन गर्नुपर्ने आवश्यकता महसुस गरी दीगो शान्ति तथा न्यायपूर्ण र समावेशी समाजको निर्माण गर्ने लक्ष्यका साथ यो दोश्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) तयार गरिएको छ।

यस दोस्रो कार्ययोजनाले पहिलो चरणको कार्य योजनाका विभिन्न अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरुको निष्कर्ष, सुझाव र प्रस्ताव नं.१८२० ले जोड दिएका विषयहरुलाई अझ बढी सशक्त र प्रभावकारी रुपमा अगाडि सारेको छ । त्यसैगरी नेपालको संविधानमा मौलिक हकहरुको व्यवस्था, राज्यका निर्देशक सिद्धान्त र नीति, दीगो विकासका लक्ष्यहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु र संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्का प्रस्तावका साथै अन्य पूरक प्रस्तावहरुलाई आन्तरिकिकरण गरी कार्यान्वयन पक्षमा बढी जोड दिएको छ।

यो कार्ययोजना निर्माणका क्रममा माननीय गृहमन्त्रीज्यू, मन्त्रिपरिषद् सामाजिक समितिका माननीय सदस्यज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, विभिन्न मन्त्रालयका सचिवज्यूहरुबाट प्राप्त मार्गदर्शन एवम् नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नागरिक समाज, विकास साझेदार, प्रभावित समुह, मस्यौदा समितिका सदस्यज्यूहरु लगायत आम नागरिक र सरोकारवालाहरुसँगको छलफल, अन्तर्क्रिया र प्राप्त सुझावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। तर्जुमाको क्रममा भएको सहयोग, समर्थन कार्यान्वयनको चरणमा समेत प्राप्त हुनेछ भन्ने अपेक्षा सहित धन्यवाद दिन चाहन्छु।

०७९।९।१५

श्री विनोद प्रकाश सिंह
सचिव

# प्राक्कथन

मुलुकको सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रको रूपान्तरणमा महिलाको योगदान विशिष्ट छ । विश्व राजनीति तथा सशस्त्र संघर्षमा महिलाले निर्वाह गरेको भूमिका अविस्मरणीय रहेको वास्तविकता एकातर्फ हुँदाहुँदै द्वन्द्वको समय र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालिका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा पर्ने गरेको हुदाँ सो को सम्बोधन गर्न तथा शान्ति निर्माणको प्रक्रियामा उनीहरूको सहभागिताको प्रर्वद्धन गर्न संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्बाट ३१ अक्टोवर, सन् २००० मा प्रस्ताव नं १३२५ पारित गरिएको थियो। साथै द्वन्द्व र त्यस पश्चातको संक्रमणकालीन अवस्थामा लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरूबाट प्रभावित महिला र बालिकाहरूको सुरक्षा र पीडितहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्न संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट १९ जुन, २००८ मा प्रस्ताव नं १८२० पारित भएको थियो। यो प्रस्तावले विशेष गरी द्वन्द्वको समयमा महिला र बालबालिका माथि हुने यौनजन्य हिंसालाई रोकथाम गर्न, यौनजन्य हिंसामा शून्य सहनशिलता लागू गर्न र आम नागरिकहरूलाई यौन हिंसामा पर्न नदिन आवश्यक उपायहरू अपनाउने जस्ता विषयहरूमा जोड दिएको छ।

नेपालको सन्दर्भमा मुलुकको अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन तथा सशस्त्र संघर्षमा महिलाले निर्वाह गरेका भूमिका महत्वपूर्ण हुँदाहुँदै पनि द्वन्द्वको समय र तत् पश्चातको संक्रमणकालीन अवस्थामा विशेष गरी महिला र बालबालिका विभिन्न प्रकारका हिंसा, विभेद र जोखिममा परेको यथार्थतालाई नकार्न सकिदैन। यस्तै विषयहरुको संवेदनशिलतालाई मध्यनजर गरी संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.१३२५ र १८२० को विषयमा नेपाल सरकारबाट पहिलो राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/७२) तर्जुमा गरी कार्यान्वयन सम्पन्न समेत भैसकेको छ। पहिलो राष्ट्रिय कार्ययोजनाले यस विषयमा जनचेतना वृद्धि, राज्यका नीति तथा निकायमा महिलाहरुको अर्थपूर्ण सहभागिता तथा द्वन्द्व पिडितहरुलाई राहत पुऱ्याउने जस्ता कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेतापनि उक्त कार्ययोजनाले प्रस्ताव नं. १३२५ का केहि र १८२० को अधिकांश मुद्दाहरु विषेश गरी द्वन्द्वको समयमा यौनजन्य हिंसामा परेका पिडितहरुको मुद्दालाई सम्बोधन गर्न नसकेको हुँदा ती विषयहरूलाई विशेष तरिकाबाट सम्बोधन गर्न दोस्रो राष्ट्रिय कार्ययोजना तयार गरिएको छ।

यस कार्ययोजनाको लक्ष्य संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्द्वारा पारित महिला, शान्ति र सुरक्षासम्बन्धी प्रस्ताव नं. १३२३ र १८२० कार्यान्वयन गर्ने र द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई

सम्बोधन गर्दै उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितासहित आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने उद्देश्य रहेको छ। उक्त उल्लिखित लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको लागि दोस्रो राष्ट्रिय कार्ययोजनालाई सहभागिता, सुरक्षा र रोकथाम, राहत तथा परिपूरण र क्षमता अभिवृद्धि, स्रोत व्यवस्थापन, अनुगमन र मूल्याङ्कन जस्ता ४ स्तम्भमा विभाजन गरी तयार गरिएको छ। सो अन्तर्गत सहायक उद्देश्य तथा कार्यक्रमहरु र प्रस्तावित कार्यक्रमहरुको अपेक्षित परिणाम, सूचक, कार्यान्वयन गर्ने जिम्मेवार निकाय एवं सहयोगी निकायहरु, कार्यक्रम सम्पन्न गर्न लाग्ने समय, कार्यनीति, कार्ययोजना कार्यान्वयनका लागि मुलुकको संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा विभिन्न आवश्यक संरचनागत व्यवस्थाहरु, सो निकायहरुले सम्पादन गर्नुपर्ने कार्य र श्रोत पहिचान तथा परिचालनका साथै यसका संभावित जोखिमका पक्षहरु समेत प्रस्तुत गरी यो राष्ट्रिय कार्ययोजना निर्माण गरी लागू गरिएको छ । यस अवधिमा यस कार्ययोजनाका दायित्व तथा कृयाकलापहरुलाई सरकारी निकायका नीति तथा कार्यक्रमहरुमा आन्तरिकीकरण गरी नियमित कार्यान्वयनका माध्यमबाट यस पश्चात फेरी अर्को कार्ययोजना निर्माण गर्नु नपर्ने अवस्था श्रृजना हुने अपेक्षा लिइएको छ।

यो कार्य योजनाको प्रारम्भिक मस्यौदा साविकको शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट तयार भएकोमा सो मन्त्रालय विघटन पश्चात सो मन्त्रालयले गरी आएका कार्यहरु गृह मन्त्रालयको कार्य क्षेत्र भित्र आएकोले सो मस्यौदालाई अन्तिम रुप दिन विभिन्न सरोकारवालाहरु रहेको मस्यौदा समिति गठन भई प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त सुझावहरु, विषयगत मन्त्रालयबाट प्राप्त राय तथा सुझाव साथै सरोकारवालाहरुबाट प्राप्त राय तथा सुझावहरु समेतका आधारमा मस्यौदालाई अन्तिम रुप दिई पहिलो पटक नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव मिति २०७६/१०/१९ मा पेश भएको र मन्त्रिपरिषद् सामाजिक समितिमा प्रकृयामा रहेकै समयमा परिवर्तित सन्दर्भमा प्रकृयामा रहेका सबै प्रस्तावहरु सम्वन्धित मन्त्रालयमा फिर्ता गर्ने भन्ने मन्त्रिपरिषद्को निर्णयानुसार फिर्ता आएको उक्त प्रस्ताव उपर छलफल गरी परिमार्जित प्रस्ताव तयार गरी पुनः दोस्रो राष्ट्रिय कार्ययोजनाको मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने भनी २०७८/१२/२ मा माननीय गृह मन्त्रिस्तरबाट निर्णय भएकोमा सो राष्ट्रिय कार्ययोजना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०६/०७ गतेको निर्णयबाट स्वीकृत भई लागू भएको छ।

यस राष्ट्रिय कार्ययोजना सुरुवाती प्रस्ताव तयार गर्ने सिलसिलामा साविकको शान्ति तथा पूर्ननिर्माण मन्त्रालयका पदाधिकारीज्यूहरु, कर्मचारीहरु लगायतका दातृ निकाय तथा विभिन्न चरणहरुमा विभिन्न जिल्लामा गई सरोकारवालाको राय, सुझाव र प्रतिक्रिया संकलन गर्ने र यसको तर्जुमा एवं परिमार्जन गर्ने कार्यमा महत्वपूर्ण योगदान

दिनुहुने मस्यौदा समितिका सदस्यहरुको भूमिका अत्यन्तै महत्वपुर्ण छ । कार्ययोजना तयारीको चरणमा मस्यौदा तयारी समितिमा सम्बद्ध बिभिन्न सरोकारवाला मन्त्रालय/विभागको तथ्याङ्क र धारणा सहित नियमित उपस्थित भई आफ्नो योगदान दिनुहुने प्रतिनिधि/पदाधिकारीज्यूहरु तथा कार्ययोजना तयारीका हरेक चरणमा अथक परिश्रम गर्नुहुने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री राम प्रसाद घिमिरे, यस मन्त्रालयका सहसचिव श्री प्रदीप कुमार कोइराला, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सहसचिवद्वय श्री शंकरप्रसाद नेपाल श्री अरुणा जोशी, उपसचिव श्री प्रदीप कुमार श्रेष्ठ र यस मन्त्रालयका उपसचिवद्वय श्री सुरेश सुनार र श्री बन्दना राई, शाखा अधिकृतहरु श्री शारदा चालिसे, श्री नारायण खत्री, श्री नर्बदा घिमिरे र ना.सु. श्री रामचन्द्र शर्मा संलग्न रहनुभएको थियो । यसरी विभिन्न चरण र तयारीको क्रममा सकारात्मक एवम् रचनात्मक सुझाव, सल्लाह मार्गदर्शन प्रदान गर्नुहुने सबैमा हार्दिक आभार एवंम धन्यवाद प्रकट गर्दै यसको कार्यान्वयनमा समेत सबै पक्षबाट सार्थक सहयोग प्राप्त हुने विश्वास लिएको छौ ।

विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा,
गृह मन्त्रालय
२०७९ असोज

# विषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | दोस्रो राष्ट्रिय कार्ययोजना निर्माणको आवश्यकता र महत्व | २ |
| ३. | नेपालमा महिला, शान्ति र सुरक्षासम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था | ३ |
| | ३.१ संवैधानिक व्यवस्था | ३ |
| | ३.२ कानूनी व्यवस्था | ३ |
| ४. | संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२० राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/२०७२) को उपलब्धि | ५ |
| | ४.१ सहभागिता | ५ |
| | ४.२ सुरक्षा र रोकथाम | ५ |
| | ४.३ प्रबर्द्धन | ६ |
| | ४.४ राहत तथा परिपूरण | ६ |
| | ४.५ स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, | ७ |
| ५. | दोस्रो राष्ट्रिय कार्ययोजनाका प्राथमिकताका क्षेत्रहरू | ८ |
| | ५.१ सहभागिता | ८ |
| | ५.२ सुरक्षा र रोकथाम | ८ |
| | ५.३ राहत तथा परिपूरण | ८ |
| | ५.४ क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मुल्याङ्कन | ९ |
| ६. | संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य | १० |
| ७. | दातृ निकाय तथा सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य | १० |
| ८. | दोस्रो राष्ट्रिय कार्ययोजनाको लक्ष्य तथा उद्देश्य | ११ |
| ९. | कार्यनीति | १२ |

| | |
|---|---|
| १०. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन क्रियाकलापहरू | १३ |
| १. स्तम्भः सहभागिता | १३ |
| २. स्तम्भः सुरक्षा र रोकथाम | १७ |
| ३. स्तम्भः राहत र परिपूरण | २४ |
| ४. स्तम्भः क्षमता वृद्धि, स्रोत व्यवस्थापन एवं अनुगमन तथा मूल्याङ्कन । | ३२ |
| ११. कार्ययोजना कार्यान्वयन प्रक्रिया र संरचनागत व्यवस्था | ३७ |
| १२. संस्थागत व्यवस्था | ३९ |
| १२.१ राष्ट्रिय निर्देशक समिति | ३९ |
| १२.१.१ राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र अधिकार | ३९ |
| १२.१.२ राष्ट्रिय समन्वय सचिवालय | ४० |
| १२.१.३ राष्ट्रिय समन्वय सचिवालयको काम, कर्तव्य र अधिकार | ४० |
| १२.२ प्रदेश निर्देशक समिति | ४१ |
| १२.२.१ प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकारः | ४१ |
| १२.३ प्रदेश समन्वय सचिवालय | ४१ |
| १२.३.१ प्रदेश समन्वय सचिवालयको काम, कर्तव्य र अधिकार | ४२ |
| १२.४ जिल्ला निर्देशक समिति | ४२ |
| १२.४.१ कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार | ४२ |
| १२.५ कार्ययोजना कार्यान्वयन स्थानीय समिति | ४३ |
| १२.५.१ कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार | ४३ |
| १३. कार्ययोजना कार्यान्वयनका लागि स्रोत पहिचान र परिचालन | ४४ |
| १४. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था | ४५ |
| १५. कार्ययोजना कार्यान्वयनका चुनौती तथा जोखिम | ४७ |
| १५.१ जोखिम न्यूनीकरणका उपाय | ४७ |
| अनुसूची | ४९ |
| पारिभाषिक शब्दावली | ५० |

# १ पृष्ठभूमि

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट सन् २००० को अक्टोबर ३१ मा पारित प्रस्ताव नं १३२५ ले द्वन्द्वको रोकथाम तथा निवारण र शान्ति प्रकृयामा महिलाको महत्वपूर्ण भूमिका हुने तथ्य दृष्टिगत गरी शान्ति प्रकृयामा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण, समान तथा पूर्ण सहभागिता, निर्णय प्रकृयामा भूमिका अभिवृद्धि र महिला तथा बालिकाको सुरक्षा एवं सहभागिता प्रत्याभूतिका लागि प्रभावकारी संयन्त्रको व्यवस्था लगायतका विषयलाई समेटेको छ। सन् २००८ को जुन १९ मा पारित प्रस्ताव नं १८२० ले द्वन्द्व र संक्रमणकालीन अवस्थामा महिला तथा बालिकामाथि हुने लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाबाट प्रभावित बालिकाहरुको सुरक्षा, पीडितको आवश्यकताको सम्बोधन, यौनजन्य हिंसामा शून्य सहनशिलता र यौनजन्य हिंसाको रोकथाम जस्ता विषयमा जोड दिएको छ।

नेपाल सरकारबाट प्रस्ताव नं १३२५ र प्रस्ताव नं. १८२० को पहिलो राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/७२) कार्यान्वयन भइसकेको छ। महिला, शान्ति र सुरक्षाको आधार स्तम्भको रूपमा रहेका यी प्रस्तावहरूका अतिरिक्त संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट थप पूरक प्रस्ताव पनि पारित भएका छन्। सुरक्षा परिषद्बाट यस सम्बन्धी विषयमा पारित प्रस्तावहरु १८८८ (सन् २००९), १८८९ (२००९), १९६० (२०१०), २१०६ (२०१३), २१२२ (२०१३), २२४२ (२०१५), २४६७ (२०१९) र २४९३ (२०१९) लाई समेत मध्यनजर राखी प्रस्ताव नं १३२५ र १८२० लाई लक्षित गरी दोस्रो कार्ययोजना तयार गरिएको छ।

# २ दोस्रो राष्ट्रिय कार्ययोजना निर्माणको आवश्यकता र महत्व

संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनका क्रममा भएका विभिन्न अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, सो सम्बन्धी अन्य पूरक प्रस्ताव र संयुक्त राष्ट्रसंघीय निकायहरुबाट समय समयमा भएका विभिन्न अध्ययनका सुझाव समेत दृष्टिगत गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचना समेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न अन्तिम कार्ययोजनाका रुपमा दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को आवश्यकता देखिएको छ। दोस्रो कार्ययोजना तयार गर्दा संविधान प्रदत्त मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति एवं राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धता समेतलाई ध्यानमा राखिएको छ।

# ३ नेपालमा महिला, शान्ति र सुरक्षा सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था

## ३.१. संवैधानिक व्यवस्था

नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यसमा महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरूद्धको हक, समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक, पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरिएको छ । त्यसैगरी राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने जस्ता प्रावधानहरू रहेका छन् ।

सामाजिक न्यायको हक अन्तर्गत नेपालमा लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन एवं सशस्त्र राजनीतिक सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, विस्थापित व्यक्ति, अपाङ्गता भएका व्यक्ति, घाइते तथा अन्य पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक उल्लेख गरिएको छ । संविधानले सुनिश्चित गरेका यी हकहरूले द्वन्द्व र त्यसपछिको संक्रमणकालीन अवस्थामा महिला र बालिकाको अधिकारको सुरक्षाका साथै महिला हिंसा रोकथाम गर्ने विषयलाई प्राथमिकताकासाथ सम्बोधन गरेको छ ।

## ३.२. कानूनी व्यवस्था

राज्यले लैङ्गिक हिंसा निराकरण गर्न विभिन्न नीति, कानून र कार्ययोजना बनाई कार्यान्वयन गर्दै आएको छ । महिलाविरूद्ध हुने विभिन्न हिंसा, जबरजस्ती करणी, शरीर बन्धक, मानव बेचबिखन तथा ओसारपसारजस्ता अपराधलाई राज्य विरूद्ध हुने गम्भीर फौजदारी अपराधको रूपमा परिभाषित गरी कसूरदारलाई कठोर सजायको व्यवस्था गरिएको छ । अपराध पीडित संरक्षण ऐन, २०७५ मा अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी जबरजस्ती करणी, मानव बेचबिखन, यौन दुर्व्यवहार जस्ता कसूरको अनुसन्धान, तहकिकात,

अभियोजन र अदालती कारबाहीको सिलसिलामा गोपनीयताको अधिकार, सुनुवाईको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार, कानून बमोजिम सामाजिक पुनःस्थापना, क्षतिपूर्तिसहितको न्याय पाउने व्यवस्था गरी पीडितको हक हितको संरक्षण गरिएको छ।

वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ मा व्यक्तिको सार्वजनिक तथा निजी जीवनको गोपनीयताको हक समेटिएको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ ले नेपालको संविधानले प्रत्याभूत गरेको नियमित निःशुल्क स्वास्थ्य सेवा पाउने हकको कार्यान्वयनमा जोड दिएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले उनीहरूको सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराउने र सम्मानजनक जीवनयापन गर्ने वातावरण सिर्जना गर्ने व्यवस्था गरेको छ। त्यसैगरी कानूनी सहायता सम्बन्धी ऐन, २०५४ अन्तर्गत कानूनी सहायता कोषको स्थापना गरिएको छ।

नेपाल सरकारले द्वन्द्वकालीन समयका घटनाहरूको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका विविध पक्षमा सरकार समक्ष सिफारिस गर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरेको छ । द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि उपरोक्त आयोगहरू कार्यरत छन् ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति तथा कार्यक्रमहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला, शान्ति र सुरक्षासम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको कार्यान्वयन राष्ट्रिय कार्ययोजना, कानूनी सहायता नीति, राष्ट्रिय रोजगार नीति, मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना, राष्ट्रिय लैङ्गिक समानता नीति लगायत विभिन्न आवधिक योजना यस सन्दर्भमा उल्लेखनीय छन् ।

# ४ संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं १३२५ र १८२० राष्ट्रिय कार्ययोजना (२०६७/६८-२०७१/२०७२) को उपलब्धि

नेपालको संवैधानिक व्यवस्था, लैङ्गिकमैत्री नीति तथा कानून, सहभागिता एवं समावेशीकरणको लामो अभ्यास र पहिलो कार्ययोजनाको कार्यान्वयनबाट केही महत्वपूर्ण कार्य सम्पन्न भई महिला, शान्ति र सुरक्षाको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । पहिलो राष्ट्रिय कार्ययोजनाका पाँच वटा स्तम्भहरूमा प्राप्त उपलब्धि र सीमा देहाय अनुसार रहेका छन् ।

## ४.१. सहभागिता

नेपालको संविधान र लैङ्गिक मैत्री नीति तथा कानूनको कार्यान्वयनबाट राज्यका तीनै तहमा महिलाको सहभागितामा उल्लेखनीय वृद्धि भएको छ । पहिलो कार्ययोजना अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन पश्चात् स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश सभामा ३४.४ प्रतिशत, प्रतिनिधि सभामा ३२.७ प्रतिशत र राष्ट्रिय सभामा ३७.७ प्रतिशत महिला सहभागिता रहेको थियो । यसै अवधिमा निजामती सेवामा २६.१७ प्रतिशत, स्वास्थ्य सेवामा ४७ प्रतिशत र सहकारीको सञ्चालक समितिमा ४० प्रतिशत महिला सहभागिता पुग्यो । महिलाको घरजग्गामा स्वामित्व ३३.९३ प्रतिशत रहेको थियो ।

यसका अतिरिक्त राष्ट्रिय महिला आयोगको गठन हुनु र राज्यका सबै तहहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने, सुरक्षा निकायका आधारभूत तालिमहरूमा उपर्युक्त राष्ट्रिय कार्ययोजनाको विषयवस्तु समावेश गर्ने, सुरक्षा निकायहरूमा लैङ्गिक इकाईको स्थापना गर्ने एवं लैङ्गिकमैत्री संरचना निर्माण गर्नेजस्ता कार्यमा भएको प्रगतिलाई यस स्तम्भमा भएका महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । यस स्तम्भ अन्तर्गत प्राप्त उपलब्धिलाई आगामी दिनमा थप अर्थपूर्ण बनाउन आवश्यक छ । यस सन्दर्भमा लैङ्गिक समानताका विषयलाई आन्तरिकीकरण गरी महिला सहभागिता वृद्धि गर्न स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न जरूरी छ ।

## ४.२. सुरक्षा र रोकथाम

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लैङ्गिक हिंसा निवारण र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि रोकथाम, उद्धार, राहत, संरक्षण, सशक्तीकरण र प्रवर्द्धनात्मक कार्य गर्न अलग अलग शाखा स्थापना गरिएको छ । मन्त्रालयमा विभिन्न सरोकारवाला निकाय सहितको सहभागितामा तत्काल उद्धार तथा राहत केन्द्रीय समितिको व्यवस्था गरिएको छ । नेपाल प्रहरीमा महिला हिंसा रोकथाम तथा

नियन्त्रणका लागि अलग्गै निर्देशनालय र सेवा केन्द्र रहेका छन् । महिला आयोगले बालिका, किशोरी तथा महिला हकहित र अधिकार सुनिश्चितताका लागि विद्यमान नीति, कानून, योजना र कार्यक्रम कार्यान्वयन गराउने, अनुगमन गर्ने, मूल्याङ्कन र सुधारका लागि निर्देशन, सहजीकरण तथा समन्वयात्मक भूमिका निर्वाह गर्ने कार्य गर्दै आएको छ । त्यस्तै लैङ्गिक हिंसाबाट पीडित एवं प्रभावित व्यक्तिको उद्धार, राहत र क्षतिपूर्तिका लागि सम्पर्क "हेल्पलाइन" सञ्चालनमा ल्याएको छ । राष्ट्रिय महिला आयोगले हिंसा पीडित महिला तथा बालिकालाई निःशुल्क कानूनी एवं मनोसामाजिक परामर्श सेवा पुऱ्याउँदै आएको छ ।

पहिलो राष्ट्रिय कार्ययोजना कार्यान्वयन पश्चात् पनि द्वन्द्व प्रभावित महिलाहरूको पुनःस्थापना तथा पुनःएकीकरण र हिंसामा परेका महिला तथा बालिकाहरूको संरक्षण एवं सुरक्षाको क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ । द्वन्द्वकालीन समयमा भएका यौनजन्य हिंसा तथा लैङ्गिक हिंसाका पीडितहरूको तत्कालीन र दीर्घकालीन आवश्यकतालाई प्रभावकारी ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था छ ।

### ४.३. प्रबर्द्धन

विकासको मूलप्रवाहमा महिला सहभागिता अभिवृद्धि, स्रोत साधनमा महिलाको पहुँच वृद्धि तथा महिला अधिकारको सुरक्षा र प्रबर्द्धनका लागि सो सँग सम्बन्धित नीति तथा कानूनमा समसामयिक सुधार गरिँदै आइएको छ । पहिलो राष्ट्रिय कार्ययोजनाको प्रचारप्रसार र सचेतना कार्यक्रमबाट महिला, शान्ति र सुरक्षा लगायतका विषयमा महिला तथा बालिकाको सचेतना अभिवृद्धिमा सहयोग पुगेको छ । औपचारिक एवं अनौपचारिक शिक्षाको पाठ्यक्रममा महिला, शान्ति र सुरक्षासम्बन्धी विषय समावेश गरिएको छ । स्थानीय तहका नीति, कानून तथा वार्षिक विकास कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा महिला सहभागिता अभिवृद्धि मार्फत् महिला सशक्तीकरण भइरहेको छ । स्थानीय तहमा गैरसरकारी संघ/संस्था, सहकारी, आमा समूह लगायतबाट समेत प्रबर्द्धनात्मक कार्यहरू भइरहेका छन् ।

द्वन्द्वको क्रममा महिला तथा बालिकामाथि भएका यौनजन्य तथा लैङ्गिक हिंसाका घटनाहरूको बढिभन्दा बढी खण्डीकृत तथ्याङ्क संकलन गर्न आवश्यक देखिएको छ । यसैगरी अपेक्षित उपलब्धि हासिल गर्न विभिन्न तह र क्षेत्रबाट सञ्चालित कार्यक्रम कार्यान्वयनमा प्रभावकारी समन्वय र अनुगमन हुन जरुरी देखिएको छ ।

### ४.४. राहत तथा परिपूरण

द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाका लागि आर्थिक राहत, औषधोपचार, सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम, बालिकाका लागि छात्रवृत्ति, क्षमता विकास तालिम र समाज तथा परिवारमा पुनःस्थापना लगायतका कार्यहरु भइरहेका छन् । सरकारले द्वन्द्वका कारण मृत्युवरण गरेका व्यक्ति,

घाइते एवं अपाङ्गता भएका व्यक्ति, एकल महिला र पूर्व लडाकुलाई लक्षित गरी नियमित वा एकमुष्ट राहत तथा क्षतिपूर्तिका कार्यक्रम सञ्चालन गर्दै आएको छ। द्वन्द्वका कारण यौनजन्य तथा लैङ्गिक हिंसाका घटनामा परेका महिला तथा बालिकाको छुट्टै तथ्याङ्क संकलन गरी अझ बढि प्रभावकारी रुपमा सबै पीडितहरुको विशिष्ट आवश्यकता सम्बोधन गर्नुपर्ने देखिएको छ।

## ४.५. स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

पहिलो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको क्रममा नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घीय निकायहरू र अन्य दातृ निकाय समेतको सहभागितामा संयुक्त कोष स्थापना गरी सञ्चालन गरिएको थियो। उक्त कार्ययोजना कार्यान्वयनमा गैरसरकारी संस्थाहरू समेतको सहकार्य रहेको थियो । यस्तो सहकार्यले महिला, शान्ति र सुरक्षा सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने, महिला तथा बालिकाको अधिकार संरक्षणमा पैरवी तथा वकालत गर्ने र आवश्यक सीप तथा क्षमता विकास गर्ने विषयमा सहयोग पुगेको थियो । यस विषयमा परिचालित स्रोत साधनको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित तहबाट भएको थियो।

# ५ दोस्रो राष्ट्रिय कार्ययोजनाका प्राथमिकताका क्षेत्रहरू

पहिलो पञ्चवर्षीय कार्ययोजनाको अवधिपश्चात् पनि कतिपय रणनीतिक विषयको महत्व यथावत रहेको छ। यस्ता विषयलाई दोस्रो कार्ययोजनामा देहाय बमोजिम चारवटा स्तम्भमा समेटिएको छ।

## ५.१. सहभागिता

नेपालको संविधानले समानुपातिक सहभागिताको हकलाई सुनिश्चित गरेको छ । राज्यका सबै निकायमा महिलाको सहभागिता सुनिश्चित गर्न व्यवस्था गरिएका नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ । राज्यका निकायहरूमा महिलाकोअर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुका साथै सुरक्षा, सञ्चार, उद्योग, व्यापार, निजी क्षेत्र र अन्य विभिन्न पेशागत क्षेत्रहरूमा समेत महिला सहभागिता बृद्धि गर्नेतर्फ प्रस्तुत कार्ययोजना केन्द्रित छ । दिगो शान्ति र विकासका हरेक पक्षमा द्वन्द्व प्रभावित महिला र बालिका समेतको गुणात्मक सहभागिता सुनिश्चित गरिने छ।

## ५.२. सुरक्षा र रोकथाम

यौनजन्य हिंसा तथा लैङ्गिक हिंसामा परेका महिला तथा बालिकामाथि हुने अपराधलाई निराकरण गर्न कानूनको सशक्त र प्रभावकारी कार्यान्वयन गरिनेछ। यसैगरी सशस्त्र द्वन्द्वको समयमा महिला तथा बालिकामाथि भएका यौन हिंसा तथा बलात्कार पीडितको समस्या सम्बोधन गर्न सक्रमणकालीन न्याय प्रणालीलाई प्रभावकारी बनाइनेछ । हिंसाको जोखिममा रहेका महिलाको सुरक्षा गर्न र त्यस्ता घटना भविष्यमा दोहोरिन नदिन सुरक्षा र रोकथामका प्रभावकारी उपाय अवलम्बन गरिनेछ । यस सम्बन्धी विद्यमान संरचनाको संस्थागत सुदृढीकरण गरिनेछ। लैङ्गिक संवेदनशीलता सुनिश्चित गर्ने कार्यका लागि महिला तथा बालिकाको सुरक्षा र हिंसा रोकथामका कार्यक्रमलाई राज्यका सबै शासकीय तहमा आन्तरिकीकरण गर्ने नीति लिइने छ।

## ५.३. राहत तथा परिपूरण

द्वन्द्वको समयमा महिला, किशोरी तथा बालिकामाथि भएका बलात्कार तथा यौनजन्य हिंसाबाट सिर्जित पीडालाई उचित सम्बोधन गर्ने विभिन्न उपायमध्ये राहत तथा परिपूरण (Reparation) महत्वपूर्ण छन् । यसका लागि दीर्घकालीन सोचसहित आत्मसम्मान हुने गरी जीविकोपार्जन र सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

द्वन्द्व प्रभावित महिलाहरूलाई रोजगारीको अवसर, आवश्यक सीपमूलक तालिम र उनीहरूका विशेष

आवश्यकता र क्षमता अनुसारका कार्यक्रम बनाई द्वन्द्वको असर दीर्घकालीन रूपमा न्यूनीकरण गर्ने क्रियाकलाप समेटिएका छन् । मनोपरामर्श, सामाजिक पुनःस्थापना, पारिवारिक पुनःएकीकरण लगायत पीडितको रूची, क्षमता, आवश्यकता र बजारको सम्भाव्यतालाई ध्यानमा राखी स्वरोजगार मूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ। कार्ययोजनामा द्वन्द्वका कारण यौनजन्य हिंसामा परेका महिला र बालिकाका लागि अल्पकालीन र दीर्घकालीन स्वरूपका राहत तथा परिपूरणका कार्यक्रम समावेश गरिएको छ।

### ५.४. क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

यो कार्ययोजनामा उल्लेखित क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत-साधनको व्यवस्था नेपाल सरकारले मिलाउने छ । यसमा विकास साझेदार र निजी क्षेत्रको समेत सहभागिता जुटाउन सकिनेछ।

कार्ययोजनाको सफल कार्यान्वयनका लागि नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्पन्न गरी सो को प्रतिवेदन नियमित रूपमा सार्वजनिक गरिनेछ । यी सबै प्रक्रियामा पीडित तथा प्रभावितहरूको सहभागिताको व्यवस्था मिलाइने छ । यस स्तम्भ अन्तर्गत स्रोतको सुनिश्चितता, कार्यान्वयनका लागि जिम्मेवार निकायको क्षमता अभिवृद्धि तथा प्रभावकारी अनुगमन र संरचनागत व्यवस्थाका विषयहरूलाई समेटिएको छ।

## ६ संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य

प्रस्तुत राष्ट्रिय कार्ययोजनाको परिणाममुखी कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारबीच पारस्परिक सहकार्य र समन्वय गरिनेछ । महिला, शान्ति र सुरक्षा, द्वन्द्वकालीन हिंसा र त्यसबाट प्रभावितहरूको सामाजिक सुरक्षा, न्यायको प्रत्याभूति जस्ता विषय संघ, प्रदेश र स्थानीय तहको साझा सरोकार र चासोको विषय भएकोले सबै तहका सरकार बीचको समन्वय र सहकार्यमा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ७ दातृ निकाय तथा सरोकारवाला संघसंस्थाहरूसँग समन्वय र सहकार्य

महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रस्तावको कार्यान्वयनका लागि तयार गरिएको पहिलो राष्ट्रिय कार्ययोजना निर्माणदेखि नै विकास साझेदार संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था र नागरिक समाजसँग सहयोग, समन्वय र सहकार्य हुँदै आएकोमा यसलाई निरन्तरता दिइनेछ ।

# ८ दोस्रो राष्ट्रिय कार्ययोजनाको लक्ष्य तथा उद्देश्य

संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित महिला, शान्ति र सुरक्षासम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० तथा अन्य पूरक प्रस्ताव समेत कार्यान्वयन गर्ने सन्दर्भमा आगामी तिन बर्ष (२०७९/८० देखि २०८१/८२ सम्म) का लागि यो राष्ट्रिय कार्ययोजना निर्माण गरी लागू गरिएको छ। उल्लिखित प्रस्तावका सम्बन्धमा यो विशेष कार्ययोजना अन्तिम हुनेछ। कार्ययोजनामा उल्लिखित विषयलाई सरकारको नीति तथा कार्यक्रममा आन्तरिकीकरण गरी क्रमशः कार्यान्वयन गरिनेछ। यस कार्ययोजनाका लक्ष्य तथा उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

## लक्ष्य:

द्वन्द्वबाट पीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकता सम्बोधन गर्दै उनीहरूको सरोकारका विषयमा अर्थपूर्ण सहभागिता एवं आत्मसम्मानपूर्वक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने।

## उद्देश्य:

संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन गर्ने।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका स्तम्भगत उद्देश्य निर्धारण गरिएको छ।

१. नीति निर्माण, शान्ति स्थापना तथा विकास प्रक्रियामा महिलाको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

२. महिला तथा बालिकामाथि हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाबाट सुरक्षाको प्रत्याभूति गर्ने साथै त्यस्तो हिंसा हुन नदिन रोकथामका प्रभावकारी उपाय अवलम्बन गर्ने।

३. द्वन्द्वकालमा हिंसाबाट पीडित महिला तथा बालिकाको राहत तथा परिपूरणको व्यवस्था गर्ने।

४. राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने र आवश्यक स्रोत र साधन सुनिश्चित गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने।

# ९ कार्यनीति

उल्लिखित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि कार्ययोजनामा सहभागिता, सुरक्षा र रोकथाम, राहत तथा परिपूरण र क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन, अनुगमन र मूल्याङ्कनका स्तम्भहरु समेटिएका छन् । सो अन्तर्गत क्षेत्रगत उद्देश्य तथा कार्यक्रम र अपेक्षित परिणाम, सूचक, कार्यान्वयन गर्ने जिम्मेवार एवं सहयोगी निकाय, कार्यक्रम सम्पन्न गर्न लाग्ने समय समेत निर्धारण गरी यसैसाथ संलग्न कार्यतालिका तयार गरिएको छ । कार्यतालिका तयार गर्दा देहाय बमोजिमको कार्यनीति अवलम्बन गरिएको छ ।

१. दिगो शान्ति तथा विकास प्रक्रियामा लैङ्गिक समानता एवं समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने ।

२. द्वन्द्वको कारण सिर्जित लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता सम्बोधन गर्ने ।

३. यौनजन्य तथा लैङ्गिंक हिंसाको रोकथाम र हिंसा पीडित तथा प्रभावित महिला र बालिकाको सुरक्षाको प्रत्याभूति गर्ने ।

४. लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चितताका लागि संस्थागत सुदृढीकरण गर्ने ।

५. द्वन्द्व प्रभावित महिलाहरूको सहभागितामा उनीहरूको वास्तविक अवस्था पहिचान गरी आवश्यकता अनुसार स्वास्थ्य सेवा, शिक्षा, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरणका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।

६. द्वन्द्व प्रभावित महिला, बालिका, अपाङ्गता भएका व्यक्ति तथा मानसिक स्वास्थ्यमा समस्या भएका व्यक्तिहरूका लागि परिपूरणका कार्यक्रम सञ्चालन गर्ने ।

७. राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

८. कार्ययोजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।

# १० दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन क्रियाकलापहरू

## १. स्तम्भः सहभागिता

स्तम्भगत उद्देश्यः नीति निर्माण, शान्ति स्थापना तथा विकास प्रक्रियामा महिलाको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

| क्रियाकलाप | अपेक्षित परिणाम | सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| *कार्यनीति १.१. दिगो शान्ति तथा विकास प्रक्रियामा लैङ्गिक समानता एवं समावेशी मूलप्रवाहीकरण गर्ने।* | | | | | |
| १.१.१ महिलाको समानुपातिक समावेशी सहभागिताका लागि नीति तथा कानूनमा सुधार गर्ने। | महिला सहभागिता सुनिश्चितताका लागि आवश्यक नीति तथा कानूनमा क्रमशः सुधार भएको हुनेछ। | सुधार भएका नीति तथा कानून। | क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) स्थानीय तह | निरन्तर | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय,<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल कानून आयोग |

| क्रियाकलाप | अपेक्षित परिणाम | सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् — संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.१.१.१ विद्यमान नीति तथा कानूनको पुनरावलोकन गर्ने । | विद्यमान नीति तथा कानूनको पुनरावलोकन भएको हुनेछ । | पुनरावलोकन प्रतिवेदन ।<br>पुनरावलोकन भएका नीति तथा कानून । | क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) स्थानीय तह | निरन्तर | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल कानून आयोग |
| १.१.२. तीनै तहका सरकार, राजनीतिक दल, सुरक्षा निकाय, सरकारी कर्मचारी र कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्य सरोकारवालाहरूलाई महिला, शान्ति र सुरक्षाका विषयहरू सम्बोधन गर्न सचेतनामूलक तथा अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने । | संघ, प्रदेश र स्थानीय तहका राजनीतिक दल तथा जनप्रतिनिधि, सुरक्षा निकाय तथा कर्मचारीहरू र कार्ययोजना कार्यान्वयन सम्बन्धी सरोकारवालाहरूलाई महिला, शान्ति र सुरक्षाका विषय सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रमहरूको संख्या ।<br>सहभागिको संख्या । | क) गृह मन्त्रालय<br>क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिला समूहको सञ्जाल, गैरसरकारी संस्था । |

| क्रियाकलाप | अपेक्षित परिणाम | सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ / प्रदेश / स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.१.३ संघ, प्रदेश र स्थानीय तहका महिला जनप्रतिनिधिहरूको समतामूलक, समानुपातिक, समावेशी र अर्थपूर्ण सहभागिताका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने । | संघ, प्रदेश र स्थानीय तहका महिला जनप्रतिनिधिहरूको अर्थपूर्ण सहभागिताका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रमहरूको संख्या, सहभागीहरूको संख्या | क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय ।<br>क) स्थानीय तह | पहिलो र दोस्रो वर्ष | राजनीतिक दल, नागरिक समाज । |
| १.१.३.१ द्वन्द्व पीडित तथा प्रभावित महिला एवं बालिकाको नेतृत्व विकास र सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | द्वन्द्व पीडित महिला तथा बालिकाहरूको नेतृत्व विकास र सशक्तीकरणका कार्यक्रम सञ्चालन भएको हुनेछ । | नेतृत्व विकासका कार्यक्रममा तालिमको संख्या ।<br>नेतृत्व विकास तालिम कार्यक्रममा सहभागीको संख्या | क) गृह मन्त्रालय<br>क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>क) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल,<br>नागरिक समाज,<br>गै.स.स. । |

| क्रियाकलाप | अपेक्षित परिणाम | सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १.१.३.२ सत्य, न्याय, परिपूरण लगायतका सवालमा द्वन्द्व पीडित तथा प्रभावित महिलाहरूको विषयगत ज्ञान र क्षमता अभिवृद्धिका लागि विषयगत तालिम तथा कार्यशाला सञ्चालन गर्ने । | सत्य, न्याय, परिपूरण लगायतका सवालहरूमा द्वन्द्व पीडित तथा प्रभावित महिलाहरूको विषयगत ज्ञान र क्षमता अभिवृद्धिका लागि तालिम तथा कार्यशाला सञ्चालन भएको हुनेछ । | तालिम तथा कार्यशालामा सहभागीको संख्या । | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गै.स.स. । |
| १.१.३.३ द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व लडाकूको क्षमता अभिवृद्धि गरी "महिला शान्ति सहजकर्ता" को भूमिकामा आवश्यकता अनुसार परिचालन गर्ने । | द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व लडाकूहरुले सम्बन्धित समुदायमा शान्ति सहजकर्ताको भूमिका निर्वाह गरेका हुनेछन् । | "महिला शान्ति सहजकर्ता" को भूमिका निर्वाह गर्ने द्वन्द्व प्रभावित महिला, बालिका र पूर्व लडाकूको संख्या | क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल, नागरिक समाज, गै.स.स. । |

## २. स्तम्भः सुरक्षा र रोकथाम

स्तम्भगत उद्देश्यः द्वन्द्व प्रभावित महिला तथा बालिकामाथि हुने शारीरिक, मानसिक तथा यौनजन्य हिंसाबाट सुरक्षाको प्रत्याभूति एवं त्यस्तो हिंसा रोकथामका प्रभावकारी उपाय अवलम्बन गर्ने ।

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| कार्यनीति २.१ द्वन्द्वको कारण सिर्जित लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता सम्बोधन गर्ने । | | | | | |
| २.१.१ द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिकाको समष्टिगत आवश्यकता पहिचान गरी सो को सम्बोधनका लागि योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | द्वन्द्व पीडित तथा प्रभावित महिला र बालिका (विशेष गरी यौनजन्य हिंसा पीडित तथा प्रभावित) को समष्टिगत आवश्यकता पहिचान भई सो सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयनमा गएका हुनेछन् । | पहिचान भएका समष्टिगत आवश्यकता तथा सिफारिस ।<br>स्थानीय तहको वार्षिक योजनामा समावेश भई कार्यान्वयनमा गएका विषय । | क) स्थानीय तह<br>ख) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>ग) गृह मन्त्रालय | निरन्तर | द्वन्द्व पीडित महिलाहरूको राष्ट्रिय सञ्जाल तथा स्थानीय समूह, गै.स.स., मानव अधिकारकर्मी, मनोसामाजिक परामर्शदाता |
| कार्यनीति २.२ यौनजन्य तथा लैङ्गिक हिंसाको रोकथाम र हिंसा पीडित तथा प्रभावित महिला र बालिकाको सुरक्षाको प्रत्याभूति गर्ने । | | | | | |
| २.२.१ लैङ्गिक तथा यौनजन्य हिंसा पीडित बालिका तथा महिलाको सुरक्षा अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने । | लैङ्गिक तथा यौनजन्य हिंसा पीडित बालिका तथा महिलाको सुरक्षा अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रमहरूको संख्या, सहभागीहरूको संख्या, | क) स्थानीय तह<br>ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>ख) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) गृह मन्त्रालय,<br>ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | द्वन्द्व प्रभावितहरूको सञ्जाल, गै.स.स., नागरिक समाज |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.२.१.१ स्थानीय तहमा किशोरीहरूको आत्मबल वृद्धि गर्न आत्मरक्षा तालिम कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तहमा किशोरीहरूको आत्मबल वृद्धि गर्न आत्मरक्षा तालिम कार्यक्रम सञ्चालन भएको हुनेछ। | गठन भएका किशोरी समूहहरूको संख्या। | क) स्थानीय तह<br>ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | नेपाल बार एशोसिएशन, नेपाल प्रहरी, नागरिक समाज। |
| २.२.१.२ स्थानीय तहको कम्तीमा एउटा विद्यालयमा लैङ्गिक हिंसा रोकथामका लागि सचेतना तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्ने। | विद्यालयस्तरमा लैङ्गिक तथा यौनजन्य हिंसा रोकथामका विषयहरूमा सचेतना तथा अन्तर्क्रियात्मक कार्यक्रम चौमासिक रूपमा सञ्चालन भएको हुनेछ। | सञ्चालित सचेतना तथा अन्तर्क्रियात्मक कार्यक्रमको संख्या। | क) स्थानीय तह<br>ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | नेपाल बार एशोसिएशन, नेपाल प्रहरी, नागरिक समाज |
| २.२.१.३ कानूनी सचेतना, महिला तथा बाल अधिकार लगायत लैङ्गिक हिंसा निवारण कोष, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र जस्ता सेवा सम्बन्धी निकायहरूको सूचना र जानकारीहरू स्थानीय भाषाहरूमा प्रचारप्रसार गर्ने। | कानूनी सचेतना, महिला तथा बाल अधिकार लगायत लैङ्गिक हिंसा निवारण कोष, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र जस्ता सेवा सम्बन्धी निकायहरूको सूचना र जानकारीहरू विभिन्न माध्यममार्फत स्थानीय भाषाहरूमा प्रचारप्रसार भएको हुनेछ। | प्रवाहित सूचनाहरूको संख्या र प्रकार। | क) स्थानीय तह<br>ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, जिल्ला बार एशोसिएशन, स्थानीय रेडियोहरू, नेपाल पत्रकार महासंघ। |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.२.१.४ सुरक्षा निकायलगायत सेवा प्रदायकका लागि प्रमाणको सङ्कलन, सुरक्षा, गोपनीयता सीप, लैङ्गिक संवेदनशीलता र कानूनी साक्षरता सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | सुरक्षा निकाय लगायत सेवा प्रदायकका लागि प्रमाणको सङ्कलन, सुरक्षा, गोपनीयता सीप, लैङ्गिक संवेदनशीलता र कानूनी साक्षरता सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित क्षमता अभिवृद्धि तथा अन्तरक्रियात्मक कार्यक्रमहरूको संख्या ।<br>सहभागीहरूको संख्या । | क) गृह मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) कानून न्याय तथा संसदीय मामिला मन्त्रालय<br>ख) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>ख) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) स्थानीय तह | निरन्तर | सरकारी वकिलको कार्यालय,<br>नेपाल बार एशोसिएशन,<br>नागरिक समाज |
| २.२.१.५ स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीलाई मनोसामाजिक परामर्शदाताको तालिम दिई परिचालन गर्ने । | स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि मनोसामाजिक परामर्शदाताको तालिम कार्यक्रम सञ्चालन भएको हुनेछ ।<br>तालिम प्राप्त गरेका स्वास्थ्यकर्मीहरूबाट मनोसामाजिक परामर्शदाताको सेवा प्रवाह भएको हुनेछ । | कार्यक्रमहरूको संख्या ।<br>सहभागीहरूको संख्या ।<br>तालिम प्राप्त स्वास्थ्यकर्मीले प्रदान गरेका मनोसामाजिक परामर्श सेवा र सेवाका प्रकारहरू । | क) प्रदेशमा स्वास्थ्य विषय हेर्ने मन्त्रालय ।<br>ख) स्थानीय तह | निरन्तर | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल,<br>मनोसामाजिक परामर्शदाताका लागि तालिम प्रदान गर्ने विभिन्न संस्थाहरू । |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ***कार्यनीति २.३ लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावितहरूको न्यायमा पहुँचको सुनिश्चितता गर्न संस्थागत सुदृढीकरण गर्ने।*** | | | | | |
| २.३.१. शैक्षिक संस्थाको पाठ्यक्रममा मानव अधिकार, बाल अधिकार, महिला अधिकार र कानूनी साक्षरता सम्बन्धी समसामयिक विषय समावेश गर्ने। | शैक्षिक संस्थाको पाठ्यक्रममा मानव अधिकार, बाल अधिकार, महिला अधिकार र कानूनी साक्षरता सम्बन्धी समसामयिक विषय समावेश भएको हुनेछ। | पाठ्यक्रममा समावेश भएका विषयहरू। | क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>क) स्थानीय तह<br>ख) प्रदेशमा शिक्षा विषय हेर्ने मन्त्रालय | कार्ययोजना अवधिभर | गृह मन्त्रालय, प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानवस्रोत विकास केन्द्र |
| २.३.२ द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिको सम्पतिको वैधानिक हस्तान्तरण तथा संरक्षण र भोगचलन तथा नाता कायम र नागरिकता प्राप्तिसम्बन्धी प्रक्रिया सरल र सहज बनाउन विद्यमान कानूनमा आवश्यक संशोधन गर्ने। | द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सम्पतिको वैधानिक हस्तान्तरण तथा संरक्षण र भोगचलन तथा नाता कायम र नागरिकता प्राप्तिसम्बन्धी प्रक्रिया सरल र सहज बनाउन विद्यमान कानूनमा आवश्यक संशोधन भएको हुनेछ। | संशोधन भएका कानूनको संख्या र प्रकार | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | कार्ययोजना अवधिभर | गृह मन्त्रालय |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ / प्रदेश / स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.३.३ नागरिकता प्राप्ति, सामाजिक सुरक्षा कार्यक्रम लगायतका कानूनी अधिकारमा द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहुँच बढाउने | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको सम्पत्ति, नागरिकता एवं सामाजिक सुरक्षा भत्ता लगायतका कानूनी अधिकारमा पहुँच बढेको हुनेछ। | कानूनी साक्षरता कार्यक्रममा सहभागी लक्षित महिलाको संख्या।<br>कानूनी सहायता सेवा प्राप्त गरेका लक्षित महिलाको संख्या।<br>कानूनी सहायता सेवाको प्रकार।<br>प्रचारप्रसार भएका सामाग्री र तिनको प्रकार। | क) गृह मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ख) प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>ख) प्रदेशमा महिला, बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>ग) स्थानीय तह | निरन्तर | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल, गैर सरकारी संस्था, सरकारी वकिलको कार्यालय, नेपाल बार एशोसिएशन। |
| २.३.३.१ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलालाई निःशुल्क कानूनी सहायता सेवा प्रदान गर्ने जिल्ला कानून सहायता समितिलाई प्रभावकारी बनाउने। | निःशुल्क कानूनी सहायता सेवा प्रदान गर्ने जिल्ला कानून सहायता समितिको कार्यप्रभावकारिता बढेको हुनेछ। | कानूनी सहायता सेवा प्राप्त गरेका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको संख्या। | क) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>क) महान्यायधिवक्ताको कार्यालय<br>क) जिल्ला सरकारी वकिल कार्यालय<br>क) सर्वोच्च अदालत | निरन्तर | गृह मन्त्रालय |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ / प्रदेश / स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.३.४ जिल्ला अदालत र जिल्ला सरकारी वकिलको कार्यालयमा सञ्चालित पीडितमैत्री कक्षबाट प्रदान गरिने सेवाको विस्तार तथा सुदृढीकरण गर्ने । | लैङ्गिक तथा यौनजन्य हिंसाका पीडितहरूले पीडितमैत्री कक्ष मार्फत् गोपनीय र संवेदनशील विषयमा आवश्यक सेवा प्राप्त गरेका हुनेछन् । | सुदृढीकरण गरिएका पीडित मैत्री कक्षको संख्या ।<br>पीडित मैत्री कक्षबाट सेवा प्राप्त गरेका सेवाग्राहीको संख्या र सेवाको प्रकार । | क) पीडित संरक्षण सुझाव समिति<br>क) जिल्ला अदालत<br>क) जिल्ला सरकारी वकिलको कार्यालय | निरन्तर | सर्वोच्च अदालत, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय र सम्बद्ध गैरसरकारी संघ संस्थाहरू । |
| २.३.४.१ पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाको सुदृढीकरण तथा प्रचारप्रसार गर्ने । | पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाको सुदृढीकरण भएको हुनेछ ।<br>पीडित मैत्री कक्षबाट प्रदान गरिने सेवाको प्रचारप्रसार भएको हुनेछ । | प्रदान गरिने सेवाको प्रकार र संख्या । | क) पीडित संरक्षण सुझाव समिति<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>क) जिल्ला अदालत<br>क) स्थानीय तह<br>ख) जिल्ला सरकारी वकिलको कार्यालय | निरन्तर | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, जिल्ला सरकारी वकिलको कार्यालय, नेपाल बार एशोसिएशन ।<br>गृह मन्त्रालय, सूचना तथा प्रसारण विभाग । |
| २.३.५ स्वास्थ्य सेवा, आश्रय गृह र घटना दर्ता तथा सुनुवाईका लागि हाल सञ्चालित कार्यक्रमको सुदृढीकरण गरी द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलालाई गुणस्तरीय सेवा प्रदान गर्ने । | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाले गुणस्तरीय स्वास्थ्य सेवा, आश्रय गृहको सुविधा र घटना दर्ता तथा सुनुवाई सेवा प्राप्त गरेका हुनेछन् । | सुदृढीकरण भएका आश्रय गृहको संख्या, सेवा प्राप्त गरेका महिला र बालिकाको संख्या,<br>प्रदान गरिएको सेवाको प्रकार । | क) स्थानीय तह<br>क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) प्रदेशमा स्वास्थ्य विषय हेर्ने मन्त्रालय | निरन्तर | गृह मन्त्रालय<br>द्वन्द्व प्रभावित महिलाहरूको स्थानीय सञ्जाल,<br>गैरसरकारी संस्था । |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २.३.५.१ सरकारी अस्पतालमा स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाका लागि सरकारी अस्पतालमा स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट गुणस्तरीय सेवा प्राप्त हुनेछ । | सेवा प्राप्त गरेका महिला र बालिकाको संख्या, प्रदान गरिएको सेवाका प्रकार । | क) स्थानीय तह<br>क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>ख) प्रदेशमा स्वास्थ्य विषय हेर्ने मन्त्रालय | निरन्तर | जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल । |
| २.३.५.२ आश्रय गृहको सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाले गुणस्तरीय आश्रय गृहको सुविधा प्राप्त गरेका हुनेछन् । | सुदृढीकरण भएका आश्रय गृहको संख्या | क) स्थानीय तह<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) प्रदेशमा महिला, बालबालिका र स्वास्थ्य विषय हेर्ने मन्त्रालय | निरन्तर | गै.स.स. |
| २.३.५.३ सरकारी तथा गैरसरकारी निकायद्वारा सञ्चालित हटलाईन सेवाको क्षमता सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्ने । | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाले घटना दर्ता तथा सुनुवाईका लागि गुणस्तरीय सेवा प्राप्त गरेका हुनेछन् । | प्रदान गरिएको सेवाको प्रकार एवं गुणस्तर । | क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | हटलाईन सेवा सञ्चालन गरिरहेका निकाय तथा संघ संस्थाहरू |

## ३. स्तम्भः राहत तथा परिपूरण

स्तम्भगत उद्देश्यः द्वन्द्व प्रभावित महिला तथा बालिकाका लागि राहत तथा परिपूरणका कार्यक्रम सञ्चालन गर्ने ।

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| *कार्यनीति ३.१ द्वन्द्व प्रभावित महिला तथा बालिकाको सहभागितामा आवश्यकता अनुसार स्वास्थ्य सेवा,, शिक्षा, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरणका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।* | | | | | |
| ३.१.१ द्वन्द्वका समयमा लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरुको विशेष आवश्यकता पहिचान गरी शिक्षा एवं स्वास्थ्य सेवा र आर्थिक सशक्तीकरणका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने । | द्वन्द्वका समयमा लैङ्गिक तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको विशेष आवश्यकता पहिचान भई सो बमोजिम लक्षित कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रमबाट लाभ प्राप्त गर्ने द्वन्द्व प्रभावित महिलाको संख्या ।<br>आर्थिक एवं सामाजिक सशक्तीकरणका अल्पकालीन र दीर्घकालीन कार्यक्रमको संख्या र कार्यक्रम । | क) स्थानीय तह<br>क) गृह मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा र कानून हेर्ने मन्त्रालय<br>क) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय | निरन्तर | सङ्घीय एवं प्रदेश सरकारका विषयगत मन्त्रालयहरू, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय र स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरू । |
| ३.१.१.१ द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित महिला र बालिकाको विशेष आवश्यकतानुसार स्वास्थ्य सेवाका कार्यक्रमहरु सञ्चालन गर्ने । | द्वन्द्वका कारण यौनजन्य हिंसाबाट प्रभावित महिला र बालिकाहरुको आर्थिक सशक्तिकरणका लागि पहिचान गरिएका कार्यक्रम सञ्चालन भएको हुनेछ । | आर्थिक सशक्तीकरणका अल्पकालीन, दीर्घकालीन कार्यक्रमको संख्या र कार्यक्रम | क) स्थानीय तह<br>क) जिल्ला समन्वय समिति<br>क) प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) गृह मन्त्रालय | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरुको राष्ट्रिय र स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरु । |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | संघ/ प्रदेश/स्थानीय | | |
| ३.१.२ द्वन्द्व प्रभावित महिला र बालिका तथा उनीहरूका परिवारका सदस्यका लागि "Post Traumatic Stress Disorder" विषयमा मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालन गर्ने । | द्वन्द्व प्रभावित महिला र बालिका तथा उनीहरूका परिवारका सदस्यका लागि "Post Traumatic Stress Disorder" विषयमा मनोसामाजिक परामर्शका कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रमको संख्या । | क) स्थानीय तह<br>ख) प्रदेशमा महिला र बालबालिका विषय हेर्ने मन्त्रालय<br>ग) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ग) सुरक्षा निकाय | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरू,नागरिक समाज |
| ३.१.३ द्वन्द्व प्रभावित महिला र बालिकाका अनुभूति आदानप्रदान गर्न अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गर्ने । | द्वन्द्व प्रभावित महिला र बालिकाका अनुभूति आदानप्रदान गर्ने अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रमको संख्या । | क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरू, नागरिक समाज |
| ३.१.४. द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाका विशेष आवश्यकता पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्ने । | द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाका विशेष आवश्यकता पहिचान गरी दीर्घकालीन तथा अल्पकालीन जीविकोपार्जनका कार्यक्रम सञ्चालन भएको हुनेछ । | दीर्घकालीन तथा अल्पकालीन जीविकोपार्जनका कार्यक्रममा सहभागीको संख्या । | क) स्थानीय तह, प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा र कानून हेर्ने मन्त्रालय, प्रदेशमा महिला र बालबालिका हेर्ने मन्त्रालय ।<br>ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | गृह मन्त्रालय, महिला उद्यमी महासंघ, द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय सञ्जाल, गै.स.स., घरेलु तथा साना उद्योग विभाग, सीप तथा प्रविधि विकास केन्द्र |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | संघ/ प्रदेश/स्थानीय | | |
| ३.१.४.१ स्थानीय तहको वार्षिक कार्यक्रममा द्वन्द्वका समयमा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाको आर्थिक सशक्तीकरणका कार्यक्रम समावेश गर्ने। | स्थानीय तहको वार्षिक कार्यक्रममा द्वन्द्वका समयमा यौनजन्य हिंसाबाट प्रभावित महिला तथा बालिकाको आर्थिक सशक्तीकरणका कार्यक्रम समावेश भएको हुनेछ। | वार्षिक कार्यक्रममा समावेश भएका । | क) स्थानीय तह | पहिलो वर्ष | द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय तथा स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| ३.१.४.२ स्थानीय तहमा द्वन्द्व प्रभावित महिलाका लागि आय आर्जनमूलक व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने। | स्थानीय तहमा द्वन्द्व प्रभावित महिलाहरूका लागि आय आर्जनमूलक व्यवसाय सञ्चालन गर्न सहयोगका कार्यक्रम सञ्चालन भएको हुनेछ। | आर्जनमूलक व्यवसाय सञ्चालन गर्न सहयोग प्राप्त गर्नेको संख्या | क) स्थानीय तह | | |
| ३.१.४.३. द्वन्द्व प्रभावित महिलाहरूलाई उद्योगहरुमा आवश्यक पर्ने सीप समेत समावेश गरी सीपमूलक तालिम प्रदान गर्ने र निजहरूलाई व्यवसाय सञ्चालनका लागि बीउ पुँजी, बिना धितो ऋण वा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न सहजीकरण गर्ने। | द्वन्द्व प्रभावित महिलाहरूलाई सहुलियतपूर्ण ऋण प्राप्त हुनेछ। | सहुलियतपूर्ण ऋण प्राप्त गर्नेको संख्या (द्वन्द्व प्रभावित महिलाहरू) | क) स्थानीय तह<br>क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>क) नेपाल राष्ट्र बैंक | दास्रो वर्ष | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, गृह मन्त्रालय |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| | | | संघ/ प्रदेश/स्थानीय | | |
| ३.१.४.४ सीप विकास र व्यावसायिक तालिम प्राप्त गरेका द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित महिलाहरूलाई जीविकोपार्जनका लागि सहयोग वा व्यवसाय सञ्चालनका लागि अनुदान प्रदान गर्ने । | द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित महिलाहरूलाई जीविकोपार्जनका लागि सहयोग वा व्यवसाय सञ्चालनका लागि अनुदान प्राप्त हुनेछ । | अनुदान प्राप्त गर्न सक्षम भएका महिलाहरूको संख्या । | क) गृह मन्त्रालय | दोस्रो वर्ष | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| ३.१.४.५ द्वन्दकालीन लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित महिला तथा बालिकाका परिवारलाई उद्योगमा आधारित तथा उत्पादन र सीपमूलक कार्यक्रममा आबद्ध गर्ने । | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित महिला तथा बालबालिकाका परिवारका सदस्यहरू उद्योगमा आधारित तथा उत्पादन र सीपमूलक कार्यक्रममा आबद्ध भएको हुनेछन् । | दीर्घकालीन तथा अल्पकालीन जीविकोपार्जनका कार्यक्रम प्राप्त गर्नेको संख्या । | क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निरन्तर | स्थानीय तहमा रहेका उद्योग वाणिज्य संघहरू |
| ३.१.४.६ सीपमूलक तालिम प्राप्त गरेकाहरूलाई रोजगारीका निमित्त रोजगारदाताहरूसँग सम्पर्क तथा समन्वय स्थापित गराउने । | सीपमूलक तालिम प्राप्त गरेकाहरूको रोजगारीका निमित्त रोजगारदाताहरूसँग सम्पर्क तथा समन्वय स्थापित भएको हुनेछ । | सम्पर्क तथा समन्वय स्थापित भएकाहरूको संख्या । | क) स्थानीय तह | दोस्रो वर्ष | उद्योग वाणिज्य संघहरू |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.१.४.७ सीपमूलक तालिम प्राप्त गरी व्यवसाय गर्नेहरूका लागि अवलोकन भ्रमणको व्यवस्था गर्ने। | सीपमूलक तालिम प्राप्त गरी व्यवसाय गर्नेहरूका लागि अवलोकन भ्रमणको कार्यक्रम सञ्चालन भएको हुनेछ। | सीपमूलक तालिम प्राप्त गरी अवलोकन भ्रमणको संख्या। | क) स्थानीय तह | दोस्रो वर्ष | द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय तथा स्थानीय सञ्जाल, नागरिक समाज, गै.स.स. |
| ३.१.५ द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित महिला र निजका सन्तानलाई स्नातक तह सम्मको शिक्षा पूरा गर्नका लागि छात्रवृत्ति प्रदान गर्ने। | द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित बालबालिकाले स्नातक तहसम्मको शिक्षा पूरा गर्नका लागि छात्रवृत्ति प्राप्त गरेका हुनेछन्। | द्वन्द्वकालीन यौनजन्य हिंसा प्रभावित बालबालिकाले छात्रवृत्ति प्राप्त गरेको संख्या | क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | दोस्रो वर्ष | स्थानीय तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| ३.१.६ द्वन्द्वको कारण शिक्षाबाट वञ्चित भएका महिला तथा उनीहरूका परिवारका सदस्यलाई औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूमा आबद्ध गर्ने। | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला र उनका परिवारका सदस्यको शैक्षिक योग्यता र क्षमतामा अभिवृद्धि भएको हुनेछ। | शैक्षिक योग्यता वृद्धि भएका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाहरूको संख्या, कार्यक्रममा समावेश भएका परिवारका सदस्यको संख्या। | क) स्थानीय तह | पहिलो वर्ष | द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय तथा स्थानीय सञ्जाल, गैरसरकारी संस्थाहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.१.७ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित महिला र निजका परिवारका सदस्यलाई प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरूमा आबद्ध गर्ने। | द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिला र निजका परिवारका सदस्यका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन भएको हुनेछ। | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका लक्षित समूहको संख्या। | क) स्थानीय तह<br>क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | निरन्तर | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| *कार्यनीति ३.२ द्वन्द्व प्रभावित, मानसिक स्वास्थ्यमा समस्या भएका महिला तथा बालिकाका लागि परिपूरण कार्यक्रमहरू सञ्चालन गर्ने।* | | | | | |
| ३.२.१ द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिला, बालिका, पूर्व महिला लडाकुहरूलाई परिवार तथा समाजमा पुनःस्थापना गर्ने वातावरण सिर्जनाका लागि पारिवारिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्ने। | द्वन्द्व प्रभावित महिला, बालिका तथा पूर्व लडाकु महिलाका लागि परिवार तथा समाजमा पुनःस्थापना गर्ने पारिवारिक तथा सामाजिक कार्यक्रम सञ्चालन भएको हुनेछ। | सञ्चालित आय आर्जनको कार्यक्रम र सहभागी संख्या एवं पुनःस्थापित संख्या। द्वन्द्व प्रभावित बालिका, महिला तथा उनका परिवारले स्वाथ्य सेवा प्राप्त गरेको संख्या। द्वन्द्वको कारण शिक्षाबाट बञ्चित भएका महिला तथा उनीहरूका परिवारका सदस्यका लागि औपचारिक तथा अनौपचारिक शिक्षा प्राप्त गर्नेको संख्या। | क)<br>स्थानीय तह<br>क) प्रदेशमा महिला र बालबालिकाको विषय हेर्ने मन्त्रालय<br>क) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>ख) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>ख) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय | निरन्तर | द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय तथा स्थानीय सञ्जाल, नागरिक समाज, गै.स.स. |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.२.१.१ स्थानीय रेडियोबाट सचेतनामूलक कार्यक्रमहरू प्रसारण गर्ने। | स्थानीय रेडियोबाट सचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्। | सचेतनामूलक कार्यक्रमको संख्या। | क) स्थानीय तह | निरन्तर | सञ्चार विषय हेर्ने प्रदेशको मन्त्रालय |
| ३.२.१.२ द्वन्द्व तथा यौनजन्य हिंसाबाट प्रभावित महिलाका परिवारका सदस्यहरूलाई लक्षित सचेतना कार्यक्रम सञ्चालन गर्ने। | यौनजन्य हिंसाबाट प्रभावित महिलाका परिवारका सदस्यहरूमा लक्षित सचेतना कार्यक्रम सञ्चालन हुनेछ। | सचेतनामूलक कार्यक्रमको संख्या।<br>सहभागी संख्या। | क) स्थानीय तह | निरन्तर | सञ्चार विषय हेर्ने प्रदेशको मन्त्रालय |
| ३.२.१.३ द्वन्द्व प्रभावित महिलाहरूका लागि स्थानीय करहरूमा छुटको व्यवस्था गर्न सहजीकरण गर्ने। | द्वन्द्व प्रभावित महिलाहरूले स्थानीय करहरूमा छुट प्राप्त गरेका हुनेछन्। | करहरूमा छुट प्राप्त गर्नेको संख्या। | क) स्थानीय तह | निरन्तर | अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ३.२.१.४ द्वन्द्वका बहुआयामिक प्रभाव र असरहरू प्रतिबिम्बित हुने गरी महिला तथा बालिकाहरूको सम्झनामा स्थानीय तहमा द्वन्द्व प्रभावित महिला सञ्जालहरूसँगको सहकार्यमा स्मृतिका कार्यक्रमहरू सञ्चालन गर्ने। | द्वन्द्व प्रभावित महिला र बालिकाहरूको सम्झनामा स्मारक स्थापना लगायत अन्य कार्यक्रम सञ्चालन भएको हुनेछ। | स्मारक, स्मृतिका कार्यक्रमहरूको संख्या। | क) स्थानीय तह<br>क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय | निरन्तर | जिल्ला समन्वय समितिको कार्यालय |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्यसम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/ प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ३.२.१.५ द्वन्द्व प्रभावित महिलाको वास्तविक जीवन कथालाई डिजिटल डकुमेन्ट्री/ वृत्तचित्र (Digital Story Telling) निर्माण र कलात्मक तथा नाट्य प्रस्तुतिमार्फत अभिलेख गरी प्रचारप्रसार गर्ने। साथै पीडितको पहिचान गोप्य राख्ने। | द्वन्द्व प्रभावित महिलाको पहिचान गोप्य रहने गरी वास्तविक जीवनकथा प्रचारप्रसार भएको हुनेछ। | द्वन्द्व प्रभावित महिलाहरूको सङ्कलित कथा। | क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | सञ्चार विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय। |
| ३.२.१.६ द्वन्द्व प्रभावित महिलासँग सम्बन्धित सामाग्रीहरूको अभिलेखालय रहने गरी सङ्घीय र प्रादेशिक तहमा "महिला शान्ति श्रोत केन्द्र (Women Peace Resource Center)" को स्थापना गर्ने। | सङ्घीय र प्रादेशिक तहमा "महिला शान्ति श्रोत केन्द्र (Women Peace Resource Center)" को स्थापना भएको हुनेछ। | घटनाहरूको अभिलेख, श्रोत केन्द्रको संख्या। | क) गृह मन्त्रालय<br>क) शहरी विकास मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालय,<br>क) प्रदेशमा उद्योग,पर्यटन, वन, उद्योग तथा वातावरण हेर्ने मन्त्रालय | तेस्रो वर्ष | द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल, नागरिक समाज, गै.स.स., नेपाल सरकार |

## ४. स्तम्भः क्षमता वृद्धि, स्रोत व्यवस्थापन एवं अनुगमन तथा मूल्याङ्कन ।

स्तम्भगत उद्देश्यः राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि, आवश्यक श्रोत र साधन सुनिश्चित गरी अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी बनाउने ।

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| कार्यनीति ४.१ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | | | | | |
| ४.१.१ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा क्षमता अभिवृद्धिका क्षेत्रहरू पहिचान गरी वार्षिक र अर्ध वार्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने । | राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहमा क्षमता अभिवृद्धिका क्षेत्रहरू पहिचान गरी वार्षिक र अर्धवार्षिक योजना निर्माण भई सोको कार्यान्वयन भएको हुनेछ । | निर्माण सम्पन्न योजना, सञ्चालित क्षमता अभिवृद्धिका कार्यक्रमहरूको संख्या र प्रकार, सहभागीहरूको संख्या । | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | गैरसरकारी संस्था |
| ४.१.१.१ क्षमता अभिवृद्धिका कार्ययोजना तयार गर्ने । | क्षमता अभिवृद्धि कार्ययोजना तयार भएको हुनेछ । | तयार भएका कार्ययोजना । | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | गैरसरकारी संस्था |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.१.१.२ योजनाले पहिचान गरेका क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई सबै शासकीय तहका वार्षिक योजनामा समावेश गरी बजेट विनियोजन गर्ने । | क्षमता अभिवृद्धिका कार्यक्रमहरू वार्षिक योजनामा समावेश गरी बजेट विनियोजन भएको हुनेछ । | बजेट विनियोजन | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | गैरसरकारी संस्था |
| ४.१.२ कार्ययोजना कार्यान्वयनका असल अभ्यास र अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने । | असल अभ्यासको सिकाइ र अनुभव आदानप्रदान कार्यक्रम आयोजना भएको हुनेछ । | आन्तरिक तथा बाह्य अवलोकन कार्यक्रम र सहभागी संख्या | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | गैरसरकारी संस्था |
| ४.१.३ द्वन्द्व प्रभावित महिला र बालिकाहरूको समष्टिगत आवश्यकता पहिचान उपसमितिका सदस्यहरूको क्षमता अभिवृद्धिका तालिमहरू सञ्चालन गर्ने । | आवश्यकता पहिचान उपसमितिका सदस्यहरूको क्षमता अभिवृद्धिका तालिम सञ्चालन भएको हुनेछ । | सञ्चालित कार्यक्रम र सहभागी संख्या । | क) गृह मन्त्रालय<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | गैरसरकारी संस्था |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन् संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| *कार्यनीति ४.२: कार्ययोजनाको कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने।* | | | | | |
| ४.२.१ राष्ट्रिय कार्ययोजना अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउने। | अनुगमन तथा मूल्याङ्कनका आधारमा सम्बन्धित निकायहरूले आफ्नो कार्यक्रम परिमार्जन गरेका हुनेछन्। | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन | क) गृह मन्त्रालय<br>क) राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | प्रदेश नीति तथा योजना आयोग, गै.स.स., द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल |
| ४.२.१.१ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त कार्य प्रगति सम्बन्धी सूचनाहरू राष्ट्रिय अनुगमन प्रणालीमा आवद्ध गरिने। | प्रगति विवरण राष्ट्रिय अनुगमन प्रणालीमा आबद्ध भएको हुनेछ। | राष्ट्रिय अनुगमन प्रणाली। | क) गृह मन्त्रालय<br>क) राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | प्रदेश नीति तथा योजना आयोग, गै.स.स., द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल |
| ४.२.१.२ चौमासिक, अर्धवार्षिक र वार्षिक अनुगमन प्रणालीलाई क्रियाशील गरी यसलाई राष्ट्रिय निर्देशक समिति र कार्ययोजना कार्यान्वयन प्रदेश निर्देशक समितिको बैठकमा समीक्षा गर्ने। | चौमासिक, अर्धवार्षिक र वार्षिक अनुगमन प्रणालीलाई क्रियाशील गरी यसलाई राष्ट्रिय निर्देशक समिति र कार्ययोजना कार्यान्वयन प्रदेश निर्देशक समितिको बैठकमा समीक्षा भएको हुनेछ। | चौमासिक, अर्धवार्षिक र वार्षिक अनुगमन प्रणालीको समीक्षा बैठक संख्या। | क) गृह मन्त्रालय<br>क)राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | प्रदेश नीति तथा योजना आयोग, गै.स.स., द्वन्द्व प्रभावित महिलाहरूको सञ्जाल |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.२.१.३ अनुगमन तथा मूल्याङ्कनबाट आएका निष्कर्षहरू/कार्ययोजना कार्यान्वयनसम्बन्धी वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिकीकरण गर्ने | अन्तिम मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिकीकरण भएको हुने । | प्रतिवेदन सार्वजनिकीकरण भएको संख्या । | क) गृह मन्त्रालय<br>क) राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | प्रदेश नीति तथा योजना आयोग, गै.स.स., द्वन्द्व प्रभावित महिलाको सञ्जाल |
| ४.२.१.४ वर्षको एकपटक बुलेटिन प्रकाशन गर्ने । | राष्ट्रिय कार्ययोजना सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूबारे वर्षको एकपटक बुलेटिन प्रकाशन भएको हुनेछ । | प्रकाशित बुलेटिनको संख्या । | क) गृह मन्त्रालय<br>क) राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल, नागरिक समाज, गै.स.स. |

| क्रियाकलाप | अपेक्षित परिणाम | कार्य सम्पादन सूचक | जिम्मेवार निकाय क मुख्य जिम्मेवार हुनेछ र ख र ग क्रमानुसारका जिम्मेवार हुनेछन्<br>संघ/प्रदेश/स्थानीय | समयावधि | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ४.२.१.५ आवश्यकता अनुसार जानकारी पुस्तिका, ब्रोसर प्रकाशन गर्ने। | राष्ट्रिय कार्ययोजना सम्बन्धी आवश्यकता अनुसार जानकारी पुस्तिका, ब्रोसर प्रकाशन भएको हुनेछ। | प्रकाशित जानकारी पुस्तिका, ब्रोसरहरूको संख्या। | क) गृह मन्त्रालय<br>क) राष्ट्रिय योजना आयोग<br>क) प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>क) स्थानीय तह | निरन्तर | द्वन्द्व प्रभावित महिलाको राष्ट्रिय तथा स्थानीय सञ्जाल, नागरिक समाज, गै.स.स. |
| ४.२.१.६ राष्ट्रिय कार्ययोजना कार्यान्यवन सम्बन्धमा भएका सम्पूर्ण क्रियाकलापहरूलाई समेटिने गरी विवरणात्मक वृत्तचित्र तयार गरी प्रसारण गर्ने। | राष्ट्रिय कार्ययोजना कार्यान्यवन सम्बन्धमा भएका सम्पूर्ण क्रियाकलापहरूलाई समेटिने गरी विवरणात्मक वृत्तचित्र तयार भई प्रसारण भएको हुनेछ। | निर्मित वृत्तचित्र | क) गृह मन्त्रालय<br>क) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय<br>ख) प्रदेशमा गृह प्रशासन/ शान्ति सुरक्षा हेर्ने मन्त्रालय र कानून हेर्ने मन्त्रालय<br>ग) स्थानीय तह | निरन्तर | पूर्ण गै.स.स. |

# ११ कार्ययोजना कार्यान्वयन प्रक्रिया र संरचनागत व्यवस्था

महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले पारित गरेका प्रस्ताव नं १३२५ र १८२० तथा अन्य पूरक प्रस्ताव कार्यान्वयनका लागि तयार गरिएको यस राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था गरिएको छ।

११.१. कार्ययोजनाको कार्यान्वयन गर्ने नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका निकायहरु र सहयोगी निकायहरूले राष्ट्रिय कार्ययोजना अनुरूपका कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्नेछन्। कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि सङ्घीय तहमा गृह मन्त्रालय, प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय र स्थानीय तहमा सम्बन्धित स्थानीय तहले कार्ययोजना कार्यान्वयन गर्नेछन्।

११.२. कार्ययोजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयमा सचिवालय रहनेछ। सचिवालयले सङ्घीय तथा प्रदेश तहका मन्त्रालय र जिम्मेवार निकायहरूसँग समन्वय गरी तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक योजना तयार गरी लागू गर्नेछ।

११.३. तत्काल सम्बोधन गर्नुपर्ने प्रकृतिका कार्यका लागि आवश्यक टोली तथा विज्ञ समूह गठन गरी जिम्मेवारी प्रदान गरिनेछ र त्यस्तो टोली, विज्ञ समूह गठन गर्दा सम्बन्धित क्षेत्रका व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिनेछ।

११.४. कार्ययोजना कार्यान्वयन गर्दा द्वन्द्व प्रभावित महिलाहरूको राष्ट्रिय सञ्जालका साथै सम्बन्धित सामुदायिक संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संघ/संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय र विकासका साझेदार संस्थाहरूसँग आवश्यकता अनुसार समन्वय एवं सहकार्य गरिनेछ।

११.५. नगरपालिकामा उपप्रमुख, गाउँपालिकामा उपाध्यक्ष वा कार्यपालिकाका महिला सदस्यको संयोजकत्वमा तत्कालीन राज्य पक्ष र विद्रोही पक्षबाट पीडित एक-एक जना गरी बढीमा दुई जना महिला, एक जना मनोसामाजिक परामर्शदाता र महिला विकास हेर्ने शाखा प्रमुख गरी पाँच सदस्यीय पीडित तथा प्रभावित महिला तथा बालिकाको समष्टिगत आवश्यकता पहिचान" उपसमिति रहनेछ। यो उपसमितिको कार्य जिम्मेवारी अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

११.६ द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको पहिचान खुल्ने व्यक्तिगत विवरण, घटनाको प्रकृति र त्यससँग सम्बन्धित अन्य संवेदनशील विषयहरूको गोपनीयतालाई सुनिश्चित गर्न प्रक्रिया र जिम्मेवारी सहितको "**गोपनीयता तथा संवेदनशीलता सम्बन्धी आचारसंहिता**" राष्ट्रिय निर्देशक समितिबाट स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

११.७. कार्ययोजना कार्यान्वयनका प्रत्येक चरणमा गोपनीयता तथा संवेदनशीलता सम्बन्धी आचारसंहितालाई अनुसरण गरी पीडित तथा प्रभावित महिलासँग सम्बन्धित सूचनाहरू सङ्कलन गरिनेछ। प्राप्त सूचना सङ्घीय तहमा गृह मन्त्रालय र प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयमा सुरक्षित रहनेछ।

११.८ द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाहरूको समष्टिगत आवश्यकता पहिचान गरी राज्यको नीति तथा कार्यक्रममार्फत सम्बोधन गरिनेछ।

११.९. स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूमा पीडित तथा प्रभावित (विशेष गरी द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित) महिला र बालिकाहरूको ज्ञान, सीप र अनुभवलाई व्यवहारमा प्रयोग गर्ने गरी आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सशक्तीकरणका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

११.१०. कार्ययोजना कार्यान्वयनका क्रममा प्राप्त जानकारी तथा सफल अभ्यासलाई अभिलेखीकरण गर्दै विभिन्न तह, क्षेत्र र विषयमा त्यस्ता अनुभव आदानप्रदानका कार्यक्रम सञ्चालन गरिनेछ।

११.११. जिल्ला समन्वय समितिले आफ्नो जिल्लामा रहेका स्थानीय तहमा कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

११.१२. कार्ययोजनामा जिम्मेवार निकाय र सहयोगी निकाय भनी फरकफरक जिम्मेवारी तोकिएको भए तापनि आपसी सहमतिमा तोकिएको जिम्मेवारी पूरा गर्नेछन्।

# १२ संस्थागत व्यवस्था

## १२.१. राष्ट्रिय निर्देशक समिति

कार्ययोजना कार्यान्वयनका लागि देहाय बमोजिमको राष्ट्रिय निर्देशक समिति रहनेछ। गृह मन्त्रालयमा यस सम्बन्धी विषय हेर्ने महाशाखाले यस समितिको सचिवालयको काम गर्नेछ।

| | |
|---|---|
| मन्त्री, गृह | - संयोजक |
| सभापति, महिला तथा सामाजिक समिति, प्रतिनिधि सभा | - सदस्य |
| सदस्य, राष्ट्रिय योजना आयोग (महिला, बालिका हेर्ने) सदस्य | - सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (मानव अधिकार हेर्ने) | - सदस्य |
| सचिव, गृह मन्त्रालय | - सदस्य |
| कार्ययोजनामा जिम्मेवारी तोकिएका मन्त्रालयका सचिवहरू | - सदस्य |
| निर्देशक समितिले तोकेका द्वन्द्व प्रभावित दुई जना महिला प्रतिनिधि | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय (सम्बन्धित विषय/ क्षेत्र हेर्ने) | - सदस्य सचिव |

राष्ट्रिय निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार प्रदेशका मन्त्रीहरू, स्थानीय तहका पदाधिकारीहरू, संयुक्त राष्ट्रसङ्घीय निकायका आवासीय प्रतिनिधिको कार्यालयका प्रतिनिधि, विकासका साझेदार संस्थाका प्रतिनिधि र यस क्षेत्रमा कार्यरत गैरसरकारी संघ/संस्थाका प्रतिनिधि एवं अन्य पदाधिकारी तथा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

### १२.१.१. राष्ट्रिय निर्देशक समितिको काम, कर्तव्य र अधिकार

१. महिला, शान्ति र सुरक्षाका विषय मूलप्रवाहीकरण गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गर्ने, गराउने।

२. द्वन्द्व र द्वन्द्वोत्तरकालमा हुने लैङ्गिक हिंसा रोकथाम र नियन्त्रण सम्बन्धी नीतिगत व्यवस्था गर्ने, गराउने।

३. कार्ययोजना कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोग प्राप्त गर्न सहजीकरण गर्ने।

४. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने।

५. कार्ययोजना कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय एवं आवश्यकता अनुसार निर्देशन दिने।

६. संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० तथा अन्य पूरक प्रस्तावहरूको कार्यान्वयन स्थितिको सम्बन्धमा संयुक्त राष्ट्रसंघमा पेश गर्ने प्रतिवेदन नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गर्नका लागि सिफारिस गर्ने।

७. कार्ययोजना कार्यान्वयनमा आइपरेका चुनौती समाधानका लागि आवश्यक सहजीकरण गर्ने।

८. पीडितसँग सम्बन्धित संवेदनशीलताको गोपनीयता एवं सुरक्षा, पीडितहरुको बचाउ तथा उन्नति र सम्बन्धित अन्य आवश्यक विषयमा नीतिगत मार्गदर्शन र निर्णयहरु लिन सक्ने।

### १२.१.२. राष्ट्रिय समन्वय सचिवालय

नेपाल सरकार, गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गृह सचिवद्वारा तोकिएका पदाधिकारी रहने एउटा राष्ट्रिय समन्वय सचिवालय रहने छ।

### १२.१.३. राष्ट्रिय समन्वय सचिवालयको काम, कर्तव्य र अधिकार

सचिवालयले राष्ट्रिय निर्देशक समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यका साथै राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन सहजीकरण समेत गर्नेछ। यसका अतिरिक्त सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

१. कार्ययोजना कार्यान्वयन सम्बन्धमा अन्तर मन्त्रालय तथा अन्तर निकायगत समन्वय गर्ने।

२. कार्ययोजना कार्यान्वयनका सम्बन्धमा अर्ध वार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने।

३. कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

४. संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं. १३२५ र १८२० तथा अन्य पूरक प्रस्तावहरूको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा आवधिक रूपमा जर्नल, ब्रोसियर, बुलेटिन, पर्चा, पम्पलेट लगायतका सूचना सामाग्रीहरू प्रकाशित गर्ने।

५. सबै तहका समितिहरू बीच समन्वय गर्ने र आवश्यक सूचना तथा जानकारी आदानप्रदानको व्यवस्था मिलाउने।

६. कार्ययोजना कार्यान्वयनका लागि प्रमुख प्रशासकीय एकाईको रूपमा कार्य गर्ने।

## १२.२. प्रदेश निर्देशक समिति

प्रदेश सरकारको गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयका मन्त्रीको संयोजकत्वमा सम्बन्धित मन्त्रालय तथा निकायका सम्वद्ध पदाधिकारीहरू रहने गरी प्रदेश निर्देशक समिति गठन गरिनेछ।

प्रदेश निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार प्रस्तुत विषयसँग सम्बन्धित संघ-संस्थाका प्रतिनिधि, संयुक्त राष्ट्रसंघ कार्यालयका प्रतिनिधि, अन्य विकास साझेदार संस्थाका प्रतिनिधि, यस क्षेत्रमा कार्यरत गैरसरकारी संघ/संस्थाका प्रतिनिधि एवं विषयगत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। प्रदेशमा यस विषय हेर्ने (गृह प्रशासन/शान्ति सुरक्षा) मन्त्रालयले प्रदेश निर्देशक समितिको सचिवालयको काम गर्नेछ।

### १२.२.१. प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकारः

प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

१. प्रदेशस्तरीय कार्ययोजना कार्यान्वयनका लागि अन्तर मन्त्रालय तथा अन्तर निकायगत समन्वय गर्ने।
२. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्ने।
३. कार्ययोजनालाई प्रदेश तहमा सञ्चालित क्षेत्रगत योजना तथा कार्यक्रममा समावेश गर्न आवश्यक समन्वय गर्ने।
४. कार्ययोजना कार्यान्वयन सम्बन्धमा प्रदेश तहमा कार्यशाला तथा छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।
५. राष्ट्रिय निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने तथा निर्देशक समितिले तोकेका अन्य कार्य गर्ने।
६. प्रदेशभित्र सञ्चालित राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने।
७. कार्ययोजना कार्यान्वयनको समीक्षा गरी वार्षिक प्रतिवेदन तयार गर्ने र राष्ट्रिय निर्देशक समिति समक्ष पेश गर्ने।

## १२.३. प्रदेश समन्वय सचिवालय

प्रदेश तहमा गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालय अन्तर्गत मन्त्रालयका उपसचिवको संयोजकत्वमा प्रदेश समन्वय सचिवालय रहनेछ। सम्बन्धित मन्त्रालयका सचिवले तोके बमोजिमका पदाधिकारीहरु सचिवालयमा रहने छन्।

### १२.३.१. प्रदेश समन्वय सचिवालयको काम, कर्तव्य र अधिकार

सचिवालयले राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन सहजीकरण गर्नेछ । त्यसैगरी कार्ययोजना कार्यान्वयनका लागि आवश्यकताअनुसार संघ, प्रदेश र स्थानीय तहका जिम्मेवार निकायहरू बीच समन्वय गर्नेछ । सचिवालयले प्रदेश समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्य पनि गर्नेछ । यसका अतिरिक्त सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

१. प्रदेश तहमा कार्ययोजना कार्यान्वयनका लागि विभिन्न निकायहरूबीच समन्वय गर्ने ।
२. कार्ययोजना कार्यान्वयनका सम्बन्धमा अर्ध वार्षिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने ।
३. कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।
४. संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नं.१३२५ र १८२० र कार्ययोजनासँग सम्बन्धित विषयमा आवधिक रूपमा जर्नल, ब्रोसियर, बुलेटिन, पर्चा, पम्पलेट लगायतका सूचना सामाग्री प्रकाशित गर्ने ।
५. सबै तहका समितिहरूबीच समन्वय गर्ने र आवश्यक सूचना आदानप्रदान गर्ने ।

## १२.४. जिल्ला निर्देशक समिति

कार्ययोजना कार्यान्वयन गर्ने निकायहरूबीच समन्वय गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित निकाय तथा संघका पदाधिकारीहरू सदस्य रहने गरी जिल्ला निर्देशक समिति रहनेछ । संयोजकले कार्ययोजना कार्यान्वयन गर्दा प्रमुख जिल्ला अधिकारीसँग आवश्यक समन्वय गर्नेछ ।

### १२.४.१. कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा स्थानीय तहहरूबीच समन्वय गर्ने ।
२. स्थानीय तहभित्र सञ्चालित कार्ययोजनासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
३. राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सम्बन्धमा स्थानीय तहमा प्राप्त सुझाव प्रदेश तथा राष्ट्रिय निर्देशक समिति समक्ष पठाउने ।
४. कार्ययोजनासम्बन्धी प्रगति विवरण प्रदेश र राष्ट्रिय निर्देशक समितिलाई उपलब्ध गराउने ।

## १२.५. कार्ययोजना कार्यान्वयन स्थानीय समिति

स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका लागि नगरपालिका/ गाँउपालिकाका प्रमुख/ अध्यक्षको संयोजकत्वमा कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गरिनेछ।

### १२.५.१ कार्ययोजना कार्यान्वयन स्थानीय समितिको काम, कर्तव्य र अधिकार

१. स्थानीय तहमा कार्ययोजना कार्यान्वयन गर्ने।

२. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने।

३. स्थानीय तहमा कार्ययोजना कार्यान्वयन गर्न विभिन्न निकायहरूबीच आवश्यक समन्वय गर्ने।

४. कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

५. कार्ययोजनालाई स्थानीय तहमा सञ्चालित क्षेत्रगत निकायका योजना तथा कार्यक्रममा समावेश गराउन आवश्यक समन्वय गर्ने।

६. कार्ययोजना कार्यान्वयनका क्रममा आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति, समूह, टोली गठन गर्ने र जिम्मेवारी प्रदान गर्ने।

७. कार्ययोजना कार्यान्वयन सम्बन्धमा स्थानीय तहमा कार्यशाला तथा छलफल अन्तर्क्रिया आयोजना गर्ने।

८. राष्ट्रिय निर्देशक समिति, प्रदेश निर्देशक समिति र कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने।

९. कार्ययोजना कार्यान्वयनका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समितिमा उपलब्ध गराउने।

# १३ कार्ययोजना कार्यान्वयनका लागि स्रोत पहिचान र परिचालन

## क. तीन वर्षीय खर्च प्रक्षेपणसहित बजेट तयारी

१. कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र निकायहरूले सरकारको नीतिगत मार्गनिर्देशनको अधीनमा रही सम्बद्ध निकाय एवं सरोकारवालाहरुसँगको समन्वयमा आ-आफ्नो तहका लागि तीनवर्षीय खर्च प्रक्षेपणसहित वार्षिक बजेट निर्माणसम्बन्धी प्रतिवेदन तयार गर्नेछन् ।

२. कार्ययोजनामा उल्लिखित क्रियाकलाप कार्यान्वयनका लागि प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको छुट्टाछुट्टै बजेट अनुमान तथा प्रक्षेपण गरी तहगत वार्षिक तथा आवधिक योजना निर्माण गरिनेछ ।

## ख. कार्ययोजना कार्यान्वयनका लागि स्रोत पहिचान

कार्ययोजनामा उल्लिखित क्रियाकलाप एवं तहगत जिम्मेवारी अनुरूप बजेट व्यवस्था मिलाइनेछ । नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले कार्ययोजनामा उल्लिखित क्रियाकलापलाई आ-आफ्ना नियमित कार्यक्रमबाट सम्बोधन गर्ने गरी समावेश गर्नेछन् । कार्ययोजना कार्यान्वयनका लागि दातृ निकाय तथा निजी क्षेत्र समेतको स्रोत परिचालन गर्न सकिनेछ ।

## ग. वार्षिक तथा आवधिक योजनामा समावेश गरिने

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको आवधिक योजना तथा वार्षिक कार्यक्रममा कार्ययोजनाका क्रित्याकलापहरुलाई प्राथमिकताका आधारमा समावेश गरिनेछ ।

## घ. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूसागको सहकार्य

कार्ययोजनाको कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ ।

# १४ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१. कार्ययोजनामा प्रस्तावित कार्यक्रम कार्यान्वयनको अपेक्षित परिणाम, प्रतिफल मापन सूचक, जिम्मेवार तथा सहयोगी निकाय, समय सीमा समेत निर्धारण गरिएको छ। यसैलाई आधार मानी कार्यक्रम कार्यान्वयनकै क्रममा नतिजामूलक अनुगमन (Result Based Monitoring) गर्ने व्यवस्था गरिनेछ। कार्ययोजना सम्पन्न भएपछि उपलब्धि र प्रभाव मापन गर्न अन्तिम अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

२. कार्ययोजना कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संवैधानिक आयोग, कार्ययोजनाका सरोकारवालाहरु, द्वन्द्व प्रभावित सञ्जालका प्रतिनिधि, मानव अधिकारकर्मी, महिला अधिकारकर्मी र गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग आवश्यक समन्वय गरिनेछ।

३. प्रत्येक स्थानीय तहले आ-आफ्नो जिम्मेवारी कार्यान्वयन गर्ने क्रममा चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिसमक्ष पेश गर्नेछ। त्यस्तो प्रतिवेदनमा कार्यान्वयनका क्रममा स्थानीय तहमा भएको प्रगति, सुझाव, असल अभ्यास र कार्यान्वयनमा देखिएका चुनौती समेत समावेश गरिनेछ।

४. स्थानीय तहबाट प्राप्त प्रतिवेदनहरूलाई जिल्ला कार्यान्वयन समिति मार्फत एकमुष्ट तयार गरी प्रदेश समन्वय सचिवालयमा पेश गरिनेछ। यसरी पेश हुन आएको प्रतिवेदनलाई प्रदेश समन्वय सचिवालयले प्रदेश निर्देशक समितिको बैठकमा पेश गर्नेछ।

५. प्रदेश निर्देशक समितिमा छलफल तथा समीक्षा भई पारित प्रतिवेदनलाई प्रदेश समन्वय सचिवालयले राष्ट्रिय समन्वय सचिवालयमा पेश गर्नेछ। यसरी प्राप्त प्रतिवेदनहरूलाई राष्ट्रिय समन्वय सचिवालयले राष्ट्रिय प्रतिवेदन तयार गरी राष्ट्रिय निर्देशक समितिमा पेश गर्नेछ। राष्ट्रिय निर्देशक समितिले सो प्रतिवेदनको समीक्षा गरी आवश्यक निर्णय गर्नेछ।

६. कार्ययोजना कार्यान्वयन प्रक्रिया शुरू हुनु अगावै प्रस्तावित क्रियाकलापहरूको आधारभूत सर्वेक्षण गर्ने वा गराइनेछ। कार्ययोजनाको मध्यावधि अनुगमन तथा मूल्याङ्कनका साथै अन्तिम मूल्याङ्कन गरिनेछ।

७. राष्ट्रिय कार्ययोजना कार्यान्वयन मूल्याङ्कन प्रतिवेदनको समीक्षा गरी आवश्यकताअनुसार कार्ययोजना परिमार्जन गरिनेछ।

८. स्थानीय तह, प्रदेश र राष्ट्रिय स्तरमा सम्पर्क व्यक्ति (Focal Person) को व्यवस्था गरी कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा समन्वयलाई प्रभावकारी बनाइनेछ।

९. कार्ययोजना कार्यान्वयनको प्रगति, असल अभ्यास र अन्य उपयोगी सूचना तथा जानकारी नियमित बुलेटिन, जानकारी पुस्तिका तथा अन्य उपयुक्त माध्यममार्फत प्रकाशन तथा सार्वजनिक गरिनेछ। कार्ययोजनाको समग्र समीक्षा गरी वार्षिक, मध्यावधि तथा अन्तिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक गरिनेछ।

१०. गैरसरकारी निकायसँगको समन्वय र सहकार्यमा सञ्चालित कार्यक्रमको प्रगति विवरण नियमित रूपमा सम्बन्धित तहका समिति र सचिवालयमा पेश गर्ने व्यवस्था मिलाइनेछ।

# १५ कार्ययोजना कार्यान्वयनका चुनौती तथा जोखिम

१. तहगत समन्वय र सहकार्यः कार्ययोजना कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच अपेक्षा अनुरुप समान प्राथमिकता निर्धारण र निरन्तर समन्वय कायम राख्नु ।

२. स्रोतको सुनिश्चितताः राष्ट्रिय कार्ययोजनाले प्रस्ताव गरेका कार्यक्रम कार्यान्वयनका लागि प्रर्याप्त स्रोत साधन व्यवस्थापन गर्नु ।

३. जनशक्ति विकासः कार्यक्रम तर्जुमादेखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक पर्ने मनोपरामर्शदाता, चिकित्सक, अनुगमनकर्ता लगायतका दक्ष जनशक्ति परिचालन गर्नु ।

४. लक्षित वर्गको पहुँचः द्वन्द्वका कारण यौनजन्य हिंसामा परेका महिला तथा बालिकाको अद्यावधिक तथ्याङ्कको अभाव रहेको र गोपनीयता, सुरक्षा र सामाजिक मूल्य मान्यताका कारण खुल्न नसकेको अवस्थामा उनीहरूको पहिचान गरी सफलतापूर्वक कार्यक्रम सञ्चालन गर्नु ।

५. राहत र पुनर्स्थापना कार्यक्रमः सरकारले वितरण गरेका राहत तथा अन्य कार्यक्रमबाट पीडितलाई क्षमतावान बनाई आयआर्जन र स्वरोजगार सिर्जना गरी आत्मनिर्भर बनाउनु ।

६. गोपनीयता तथा सुरक्षाको प्रत्याभूतिः कार्ययोजना कार्यान्वयनका क्रममा द्वन्द्वका कारण यौनजन्य हिंसामा परेका महिला तथा बालिकाको गोपनीयता कायम राख्नु ।

## १५.१. जोखिम न्यूनीकरणका उपाय

माथि उल्लिखित चुनौती वा जोखिम देहाय बमोजिम न्यूनीकरण गरिनेछः

१. सरकारका तीनै तहबीच निरन्तर समन्वय र सहकार्य गर्दै प्रदेश तथा स्थानीय तहमा कार्ययोजनाको अपनत्व अभिवृद्धिका लागि कार्ययोजनालाई स्थानीयकरण गरी कार्यान्वयन गर्ने ।

२. राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधन जुटाउन राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसस्थाहरूसँग निरन्तर समन्वय र सहकार्य गर्ने ।

३. गठन गर्नुपर्ने समिति, उपसमितिहरू समयमै गठन गरी नियमित रुपमा क्रियाशील बनाउने ।

४. कार्यान्वयन निकायका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

५. वास्तविक द्वन्द्व प्रभावित पहिचान गरी वस्तुगत आधारमा राहत उपलब्ध हुने व्यवस्था मिलाउने ।

६. द्वन्द्व पीडित महिलाहरूको सुरक्षा र गोपनीयतामा ध्यान दिन आवश्यक कार्यविधि निर्माण गर्ने ।

७. राष्ट्रिय कार्ययोजनाले औँल्याएका कार्यक्रम जिम्मेवार निकायबाट निर्धारित समयभित्र कार्यान्वयन गर्ने ।

# अनुसूची

(**कार्ययोजनाको बुँदा नं ११.५ सँग सम्बन्धित**)

**उपसमितिको कार्य जिम्मेवारी**

(१) नगरपालिका र गाउँपालिकामा रहेका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको पहिचान गर्ने ।

(२) पहिचान गरिएका द्वन्द्वकालीन लैङ्गिक तथा यौनजन्य हिंसाका पीडित तथा प्रभावित महिलाको संकेत वर्गीकरण (Coding) विधि प्रयोग गरी खण्डीकृत तथ्याङ्क सहितको लगत विवरण तयार गर्ने ।

(३) गोपनीयता र सुरक्षा लगायतको पक्ष सुनिश्चित हुने गरी लगत विवरण अनुसारको सूचनालाई हिंसाको प्रकृतिको आधारमा तथ्याङ्क तयार गर्ने ।

(४) प्राप्त तथ्याङ्क विवरणबाट द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको छुट्टै सूची तयार गर्ने ।

(५) द्वन्द्वकालीन यौनजन्य हिंसा पीडित तथा प्रभावित महिलाको तत्कालीन र दीर्घकालीन आवश्यकता पहिचान गर्ने ।

(६) बुँदा नं ४ बमोजिम सूचीकृत भएका महिलाको पूर्व स्वीकृति र सहमतिमा बुँदा नं ५ बमोजिम माग भएका आवश्यकता अभिलेखीकरण गर्ने ।

(७) पहिचान गरिएका अत्यावश्यकीय स्वास्थ्य सम्बन्धी समस्याको तत्काल उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्था वा निकायमा सिफारिस (Referral) गर्ने।

(८) माग भएका आवश्यकतालाई तत्कालीन तथा दीर्घकालीन आवश्यकताका आधारमा वर्गीकरण गर्ने ।

(९) तत्कालीन तथा दीर्घकालीन आधारमा वर्गीकरण गरिएका आवश्यकता बमोजिमको योजना तथा कार्यक्रम तयार पार्ने । सो का लागि आवश्यकता अनुसार विषय विज्ञको सहयोग लिन सकिने ।

(१०) बुँदा नं ९ बमोजिमको कार्ययोजनामा उल्लिखित कार्यक्रम स्थानीय तहको वार्षिक योजनामा समावेश गर्न सिफारिस गर्ने ।

(११) यस उपसमितिको कार्य जिम्मेवारी स्थानीय तह कार्यान्वयन समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

## पारिभाषिक शब्दावली

**अपाङ्गतामैत्री** : द्वन्द्वका कारण अपाङ्गता भएका महिला तथा बालिकाले सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रदान गरिने सबै प्रकारका सेवा, सुविधा र सूचनामा सहज पहुँच हुनेगरी तयार गरिएको उपयुक्त वातावरण तथा संरचना ।

**आश्रय गृह** : द्वन्द्वका कारण मानसिक अवस्था ठिक नभएको, अशक्त वा अपाङ्गता भएको र आफ्नो बासस्थान गुमाई पुनःस्थापना हुन नसक्ने महिला वा बालिकालाई राख्न व्यवस्था गरिएको आवास गृह ।

**एकल महिला** : द्वन्द्वको क्रममा यौन हिंसा वा बलात्कारमा परी परिवारिक वा सामाजिक रूपमा बहिष्कृत भई एक्लो जीवन बिताउन बाध्य भएका महिला वा द्वन्द्वको क्रममा पति मारिएका वा पति बेपत्ता पारिएका वा द्वन्द्वका कारण एकल अवस्थामा रहेका महिला ।

**द्वन्द्व पीडित तथा प्रभावित महिला वा बालिका**: सशस्त्र द्वन्द्वका कारण देहायका अवस्थाबाट पीडित महिला वा बालिकाः-

- आफू अध्ययनरत विद्यालय कब्जा भएको वा डर वा त्रासको स्थिति सिर्जना भएको वा शिक्षकहरू विस्थापित भएको वा अन्य कारणले गर्दा अध्ययन गर्न नपाएका महिला वा बालिका,
- आफ्नो थातथलोबाट विस्थापित महिला वा बालिका र बेचबिखनमा परेका महिला वा बालिका,
- द्वन्द्व सम्बन्धी कुनै अभियोगमा अदालतमा मुद्दा दर्ता भएका महिला वा बालिका,
- पति वा अभिभावक वा परिवारका कुनै सदस्यको मृत्यु भएका महिला वा बालिका,
- पति वा अभिभावक वा परिवारबाट बिछोड भएका महिला वा बालिका,
- बारुदी सुरुङ वा विस्फोटक पदार्थ वा हतियारको प्रयोग वा अन्य कुनै कारणले आफ्नो पति वा अभिभावक वा आफू स्वयं घाइते, अङ्गभङ्ग वा अपाङ्गता भएका महिला वा बालिका, मानसिक रूपमा पीडित महिला वा बालिका,
- यौन शोषणमा परेका वा जबरजस्ती करणीको घटनाबाट पीडित महिला वा बालिका,
- यौन शोषण वा जबरजस्ती करणीका कारणबाट गर्भधारण गर्न, बच्चा जन्माउन वा जबरजस्ती गर्भपतन गराउन बाध्य भएका महिला वा बालिका वा यसैका कारण जन्मिएका बालिका,

- प्रचलित कानून बमोजिम राज्यद्वारा स्थापित सशस्त्र सुरक्षा फौज र अन्य सशस्त्र समूह वा सोसँग आबद्ध वा त्यस्तो फौज वा समूहलाई सहयोग गरेको आशङ्कामा कारबाहीमा परेका महिला वा बालिका,
- हाल सुरक्षा गृह वा बाल सुधार गृह वा बालगृहमा रहेका वा निश्चित समयसम्म त्यस्ता गृहमा समय व्यतित गरी हाल बाहिर रहेका महिला वा बालिका,
- हिरासतमा परेका वा कैदको सजाय भोगेका वा यातना पाएका वा अपहरणमा परेका महिला वा बालिका,
- सङ्घीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहले द्वन्द्व पीडितको प्रमाण स्वरुप परिचयपत्र उपलब्ध गराएका महिला वा बालिका।

**द्वन्द्वसँग सम्बन्धित यौनजन्य हिंसा** : द्वन्द्वको समयमा जबर्जस्ती गरिने कुनैपनि किसिमको करणी, यौनक्रिया गर्ने प्रयास, जबर्जस्ती गर्भधारण तथा गर्भपतन, निर्वस्त्र पार्ने कार्य, बेचविखन तथा बेचबिखन उद्योग, जबर्जस्ती विवाह तथा कुनैपनि व्यक्तिको यौनिकताको विरूद्ध गरिने कार्य, अश्लिल शब्दको प्रयोग वा यौनजन्य दुर्व्यवहार र महिला तथा बालिकामाथि गरिने सबै प्रकारका यौनजन्य हिंसा।

**परामर्श सेवा केन्द्र** : द्वन्द्वका कारण लैङ्गिक तथा यौनजन्य हिंसा वा जोखिममा परेका महिला वा बालिकालाई आवश्यक सूचना, परामर्श तथा सिफारिस जस्ता सेवा उपलब्ध गराउन स्थापित सेवा केन्द्र।

**परिपूरण (Reparation)** : सशस्त्र द्वन्द्वबाट प्रभावित महिला वा बालिकालाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत।

**पुनःस्थापन र पुनःएकीकरण** : सशस्त्र द्वन्द्वबाट प्रभावित महिला वा बालिकाको हकहित संरक्षणका लागि परिवार वा समाजमा पुनःस्थापित गराई उपलब्ध अवसर उपयोग गर्न सक्ने र आफ्नो भूमिका प्रभावकारी रुपमा निर्वाह गर्न सक्षम बनाउने कार्य।

**पूर्व महिला लडाकु** : विस्तृत शान्ति सम्झौता अनुसार अस्थायी शिविरमा रही संयुक्त राष्ट्रसंघको प्रमाणीकरणबाट योग्य नठहरिई बहिर्गमन भएका वा योग्य ठहरीई नेपाल सरकारबाट उपलब्ध गराइएको राहत प्याकेज प्राप्त गरेका वा नगरेका, वा समायोजनमा नपरी समाज वा परिवारमा सम्मिलन गर्नुपर्ने महिला र बालिका।

**महिलामैत्री** : महिलाले सरकारी तथा गैरसरकारी सेवा प्रदायक निकायमा निसङ्कोच आफ्ना भावना प्रस्तुत गर्नसक्ने गरी वा सूचना, सेवा वा सुविधा सहज रूपले प्राप्त गर्नसक्ने गरी तयार गरिएको सार्वजनिक सुविधा सहितको उपयुक्त वातावरण ।

**महिला वा बालिकाको विशेष आवश्यकता** : महिनावारी, गर्भधारण, सुत्केरी जस्ता विशेष जैविक तथा प्रजनन् भूमिकाको अवस्था र सो अवस्थालाई सम्बोधन गर्ने खानपान, स्याहार सुसार, उचित खाने बस्ने ठाउँ, शौचालय तथा औषधी उपचारको व्यवस्था वा महिलाको आर्थिक, सामाजिक तथा विशेष आवश्यकता ।

**महिला हिंसा** : महिला तथा बालिकामाथि हुने देहायका हिंसा -

- धाक धम्की दिई, लोभ लालचमा पारी वा फकाई फुल्याई, बाध्य पारी वा हिँडडुलमा बन्देज लगाई जबर्जस्ती सशस्त्र कार्यमा लगाउने वा त्यस्तो समूहको मनोरञ्जन कार्यमा लगाउने वा अन्य इच्छा विपरीतका कार्यमा लगाउने कार्य,
- शारीरिक, मानसिक वा यौनजन्य हिंसा ।

**सशस्त्र द्वन्द्व** : संवत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व ।

**सुरक्षित गृह** : उद्धार गरिएका द्वन्द्व प्रभावित महिला र बालिकाको हेरचाह, उपचार तथा पुनःस्थापनाका लागि सरकार वा गैरसरकारी संस्था वा सामुदायिक संस्थाहरूबाट अस्थायी रूपमा स्थापित गृह ।




नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन : +९७७-१-४२११२०८, १२१४, १२००, ४२००६६६

इमेल : peace@moha.gov.np, control@moha.gov.np

वेभसाइटः https://www.moha.gov.np